नजर हमर

राष्ट्रिय दैनिक

# मधेशदृष्टि

Madheshdristi National Daily

www.emadheshdristi.com

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

‘प्राकृतिक स्रोतको उचित परिचालन गरी आर्थिक परिवर्तन ल्याउन सकिन्छ’



समाचार पृष्ठ ५ मा

वर्ष ३ | अंक २०९ | २०८२ साल जेष्ठ २९ गते बिहीबार | Thursday 12, June 2025 | सूर्योदयः बिहान ५:११ बजे | सूर्यास्तः साँझ ७:०० बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

# बजेटमा कृषिलाई उच्च प्राथमिकतामा राख्न माग



कुवँरकान्त झा, प्रदेश सभा सदस्य, नेपाली कांग्रेस | रामअशिष यादव, सचेतक, जसपा नेपाल | किरण कुमारी, प्रदेश सभा सदस्य, जसपा नेपाल | जंगी राय यादव, प्रदेश सभा सदस्य, नेपाली कांग्रेस | लखन दास तत्मा, प्रदेश सभा सदस्य, नेकपा एमाले | हरिनारायण महतो, प्रदेश सभा सदस्य, नेकपा एमाले | राजेन्द्र चौधरी, प्रदेश सभा सदस्य, नेकपा एमाले

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सभाका सदस्यहरुले आउने बजेटमा कृषि क्षेत्रलाई उच्च प्राथमितामा राख्न सरकारलाई सुझाव दिएका छन् । अर्थमन्त्री सुनिलकुमार यादवले प्रदेश सभामा प्रस्तुत गरेको मधेश प्रदेश विनियोजन विधेयक २०८२ का सिद्धान्त र प्राथमिकताका विषयमा भएको छलफलमा भाग लिँदै नेकपा एमालेका लखन दास तत्माले कृषि क्षेत्रलाई सरकारले प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए ।

उनले किसानले समयमा मल नपाउने, उत्पादन भण्डारण गर्न समस्या रहेको बताउँदै यसलाई समाधान गर्न सरकारले बजेटमा प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । दासले भने, ‘किसान खेती गर्छन् तर उनीहरुको समयमा त्यसको मोल पाउँदैनन्, उनीहरु सहजरुपमा बजारसम्म आफ्नो उत्पादन पुर्याउन सकिरहेका छैनन्, अनि किसानले कसरी खेती गर्ने, त्यसैले सरकारले ध्यान दिनुपर्छ ।’

त्यसैगरी नेपाली कांग्रेसका जंगी राय यादवले सरकारले बजेट कृषिमा लगाउनुपर्ने बताउँदै बजेटमा देखा परेको विकृति रोक्न सरकारले ठोस कदम चाल्नुपर्नेमा जोड दिए । उनले बजेटमा हुने दुरुपयोग रोक्न नीति बनाउनुपर्नेमा जोड दिए । उनले भने, ‘विकासको गति देख्ने किसिमले हुनुपर्छ, त्यो भएन भने जनताको अपेक्षासमेत प्रदेश सरकारबाट पूरा हुन सक्दैन, त्यसकारणले यसले बजेट खन्याउँदा बजेट देख्ने गरी हुनुपर्छ ।’

त्यसैगरी जसपा नेपालका सचेतक रामअशिष यादवले समेत कृषि, स्वास्थ्य र पर्यटनलाई आधार बनाएर सरकारले बजेट ल्याउनुपर्नेमा जोड दिए । उनले मधेशको विकासका लागि यसखालको योजना ल्याउँदासमेत सहज हुने बताउँदै सरकारले कृषिक्षेत्रलाई बढी प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । यादवले मधेशका किसानलाई अहिले पनि सिँचाइको समस्या रहेको बताउँदै सिँचाइको अभावमा किसानले उत्पादन गर्न समस्या भइरहेको बताउँदै सरकारले किसानका लागि सिँचाइका योजनालाई प्राथामिकता राख्नुपर्नेमा जोड दिए ।

त्यसैगरी, नेकपा एमालेका राजेन्द्र चौधरीले सबै जातिको उत्थानका लागि बजेट केन्द्रित हुनुपर्नेमा जोड दिए । उनले शिक्षा र कृषिलाई उच्च प्राथमिकतामा राख्नुपर्नेमा जोड दिए । चौधरीले विद्यार्थी विद्यालय जाँदा कपीकलम अभावमा समेत विद्यालय छाड्ने गरेको बताउँदै उनीहरुका लागि समेत बजेट व्यवस्था हुनपर्नेमा जोड दिए ।

जसपा नेपालकी किरण कुमारीले सुशासन स्थापना गरेर पुँजीगत खर्च बढाउन सरकारले नीति बनाउनुपर्नेमा जोड दिइन् ।

उनले युवालाई रोजगारीको व्यवस्था गरेर कृषि क्षेत्रका लागि लगानी हुनुपर्नेमा जोड दिइन् । नेकपा एमालेका हरिनारायण महतोले समेत कृषि क्षेत्रमा अमूर्तरुपमा यसरी गर्ने उसरी गर्ने भन्दा पनि ठोस र नीतिगत योजना ल्याउनुपर्नेमा जोड दिए । उनले मधेशका आधार नै कृषि भएकाले यसतर्फ सरकारको ध्यान जानुपर्नेमा जोड दिए ।

नेपाली कांग्रेसका कुवँरकान्त झाले कृषि क्षेत्रलाई प्राथमिकतामा राखेर जानुपर्ने बताउँदै अहिले कृषि क्षेत्रलाई कसरी कायापटल गर्न सकिन्छ, त्यस आधारले बजेट ल्याउनुपर्नेमा जोड दिए । उनले अहिले दुई ठूला पार्टी सरकार प्रमुख रुपमा रहेको बताउँदै सबै बजेट कृषिमा लगाउनुपर्नेमा जोड दिए ।

## कृषिमा मधेश सधैँ उपेक्षित

देशको खाद्य सुरक्षामा २२ देखि २५ प्रतिशतसम्म योगदान पुऱ्याउँदै आएको मधेश प्रदेशको कृषि क्षेत्रमा सम्भावना प्रचुर भए पनि न्यून लगानी र सरकारी उदाशीनताले यो क्षेत्र उपेक्षित बनेको छ । प्रदेशमा खेतीयोग्य जग्गाको उपलब्धता ५ लाख ७४ हजार ३ सय ६० हेक्टर र सिञ्चित क्षेत्रफल ८३ प्रतिशत छ । उत्पादनमा लागत कम रहे पनि उन्नत बिउबिजनको उपलब्धता नहुँदा, समयमा मलको पर्याप्तता नहुँदा र कृषि कर्मलाई आधुनिक र प्रविधिमैत्री बनाउन नसकिँदा कृषि क्षेत्रले आस गरिएअनुसारको फड्को मार्नसकेको छैन ।

चालु आर्थिक वर्ष २०८०–८१ मा मधेश प्रदेश सरकारले कुल बजेटको ५ प्रतिशत मात्र रकम कृषि क्षेत्रमा विनियोजन भएको थियो । मधेश प्रदेश सरकारको चालु आर्थिक वर्षको जम्मा बजेट ४३ अर्ब ८९ करोड २१ लाख रुपैयाँ भन्दा बढी छ । जसमध्ये भूमि व्यवस्था, कृषि सहकारी मन्त्रालयका लागि मात्र २ अर्ब ५७ करोड ९० लाख ८९ हजार रुपैयाँ छ । त्यसमा पनि आर्थिक वर्ष बित्न मात्र एक महिना बाँकी रहँदासम्म कृषि मन्त्रालयको मात्र १६ प्रतिशत बजेट खर्च हुन सकेको छ ।

मधेश प्रदेश कृषि उत्पादनको लागि निकै उर्वर र देशकै खाद्य भण्डार बन्न सक्ने क्षमता भएको प्रदेश हो तर, पनि सरकारको प्राथमिकतामा कृषि क्षेत्र नपर्दा चाहेअनुसारको उपलब्धि हासिल गर्न सकिएको छैन ।

## प्रदेश सभा सदस्य ठाकुर निलम्बित



**मधेशदृष्टि**
**जनकपुरधाम**
मधेश प्रदेश सभाका सदस्य दिपेन्द्र ठाकुर निलम्बित भएका छन् । प्रदेश सभाको बैठकमा सभामुख रामचन्द्र मण्डलले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा दायर गरेको मुद्दाको पत्र पढेर सुनाएका थिए । उनले पत्र पढेर सुनाएसँगै ठाकुरको पद निलम्बन भएको हो । मंगलबार अख्तियारले ठाकुरसहित १७ जनामाथि धनुषाको औरही गाउँपालकिामा १५ शय्याको अस्पताल निर्माणका क्रममा हिनामिना गरेको आरोपमा विशेष अदालतमा मुद्दा दायर गरेको थियो ।

ठाकुर धनुषा निर्वाचन क्षेत्र नम्बर ३ ख बाट निर्वाचित भएका थिए । मधेश प्रदेश सभामा ठाकुर एमाले संसदीय दलका उपनेतासमेत थिए ।

उनले डि एन्ड एन बिल्डर्स प्रालिका तत्कालीन प्रबन्ध निर्देशक रहेको निर्माण कम्पनीबाट कार्य अनुभवलाई संशोधन गरी सात दिनको म्याद थप गरी ठेक्का हात पारेका थिए ।

ठाकुरविरुद्ध अख्तियारले ६ करोड ७९ लाख १२ हजार ३ सय ८३ रुपैयाँ बिगो कायम गरी कैद तथा जरिवाना माग गरेको छ । यसअघि लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) संसदीय दलका नेतासमेत रहेका अभिराम शर्मा पनि मधेश आन्दोलनमा सशस्त्र प्रहरीका असई थमन विक हत्यामा जिल्ला अदालतबाट दोषी ठहर भएर निलम्बन भएका थिए ।

## लिच्छवीकालीन मठेश्वर महादेव मन्दिरको अवशेष फेला



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा जिल्लाको सबैला नगरपालिका वडा नम्बर–६ मा पुरातात्त्विक दृष्टिले अत्यन्त महत्वपूर्ण ऐतिहासिक अवशेष फेला परेको छ । पुरातत्व विभागको औपचारिक उत्खननबाट लिच्छवीकालको अन्त्यतिरको मठेश्वर महादेव मन्दिरको संरचना पत्ता लागेसँगै यस क्षेत्रमा धार्मिक पर्यटनको नयाँ सम्भावनाको ढोका खुलेको छ ।

सबैला नगरपालिकाले आर्थिक वर्ष २०८०–८१ मा बजेट विनियोजन गरी पुरातात्त्विक उत्खननका लागि पहल गरेपछि विभागले उत्खनन कार्य थालनी गरेको थियो । प्रारम्भिक चरणमा मन्दिरको एउटा मुख्य संरचना भेटिएको थियो भने यस आर्थिक वर्ष २०८१–८२ मा दोहोरिएको उत्खनन्मा अर्को मन्दिरको अवशेषसमेत फेला परेको पुरातत्व विभागले जनाएको छ । पुरातात्त्विक प्रमुख अधिकृत प्रकाश दर्नालका अनुसार फेला परेका संरचनाहरू शिखर शैलीमा निर्माण गरिएका हुन् । यसले लिच्छवीकालीन वास्तुकलाको झल्को दिन्छ । उनले ढुङ्गामा कुँदिएका आकृति र मूर्तिहरूले बुद्धकालीन शिल्पकला प्रारम्भ भएको संकेत दिने बताए । उनका अनुसार मन्दिर सम्भवतः नवौँ शताब्दीमा लिच्छवीकालको अन्तिम चरणमा निर्माण भएको अनुमान गरिएको छ । अहिलेसम्मको उत्खननमा इँटाको प्रयोग, गजुरका टुक्रा, मूर्तिहरू, चिलम र अन्य धार्मिक सामग्री फेला परेका छन् । मुख्य मन्दिरको अनुमानित उचाइ ५०–६० फिटसम्म हुने अनुमान गरिएको छ भने पछिल्लो पटक भेटिएको मन्दिरको उचाइ १५–२० फिटसम्म हुने देखिएको छ ।

इन्जिनियर सुरेन्द्र पजियारका अनुसार, अहिलेसम्म २५ वटा मूर्तियुक्त ढुङ्गा उत्खनन् गरिएको छ । थप उत्खनन् कार्य मंसिर महिनाबाट शुरु गर्ने योजना रहेको छ । सबैला नगरपालिकाका नगर प्रमुख कारीराम यादवले उत्खनन कार्य सम्पन्न भएपछि विस्तृत परियोजना प्रतिवेदन (डिपिआर) तयार पारिने र आगामी वर्षको बजेटमा मन्दिर पुनःनिर्माण तथा संरक्षणका लागि आवश्यक रकम विनियोजन गरिने जानकारी दिए । प्रमुख यादवले यस ऐतिहासिक स्थललाई धार्मिक तथा सांस्कृतिक पर्यटनको केन्द्रको रूपमा विकास गरिने दाबी गर्दै भने, ‘मठेश्वर महादेवको मन्दिरले सबैलालाई मात्र नभई सम्पूर्ण मधेशलाई धार्मिक पर्यटनको नक्शामा उभ्याउनेछ ।’ स्थानीय बासिन्दा, इतिहासविद् र संस्कृति प्रेमीहरू यस खोजबाट उत्साहित देखिन्छन् । उत्खनन जारी रहेकाले आगामी दिनमा अझ महत्वपूर्ण ऐतिहासिक तथ्य उजागर हुनेमा विश्वास गरिएको छ । स्थानीय सरकार र पुरातत्व विभागको सहकार्यमा संरक्षित यो स्थलले क्षेत्रीय सामाजिक, सांस्कृतिक र आर्थिक विकासमा समेत महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

## गर्भ फाल्न अस्वीकारपछि कुटपिट विषादी खुवाएर गर्भमै बच्चाको हत्या

**मनोज माझी**
**राजविराज ।**
छोराको प्रेमिकालाई गर्भपतनको दबाब दिँदा नमानेपछि केटाका आमाबुबाले जबर्जस्ती विषादी खुवाउँदा युवतीको पेटको बच्चा खेर गएको छ । बुधबार सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका–२ कि २० वर्षीया सनिसा कुमारी खड्गलाई सोही वडानिवासी उनका प्रेमीका बुबा परमेश्वर खड्ग र आमा झुलपूmल देवीले कुटपिट गर्दै जबर्जस्ती विषादी खुवाउँदा उनको पेटको बच्चा खेर गएको हो ।

उनको पेटमा सोही वडानिवासी २३ वर्षीय प्रेमी शिवजी खड्गको चार महिनाको गर्भ रहेको सनिसाका परिवारजनको भनाइ छ । यसरी जबरजस्ती छोरीलाई विषादी खुवाएपछि उनको चार महिनाको गर्भ तुहिएको र छोरीको अवस्थासमेत चिन्ताजनक रहेको आमा सतनी देवी सुनाइन् । ‘बिहान ४ बजेतिर निदाइरहेका बेला अचानक आइपुगेका प्रेमी शिवजीका आमाबुबाले हात, खुट्टा, घाँटी समातेर लछारपछार गर्दै जबर्जस्ती ४–५ वटा ट्याब्लेट मुखमा कोचे, स्थानीय गजेन्द्रनारायण सिंह अस्पतालमा बेड नम्बर २६ मा उपचार गराइरहेकी सनिसाले भनिन्, ‘म बेहोस भएछु ।’

प्रहरीको सहयोगमा अस्पताल आइपुगेकी सनिसाको स्वास्थ्य परीक्षण गर्दा गर्भमा रहेको बच्चा तुहिएको पाइएको र विषादिको प्रभावले त्यस्तो हुन गएको चिकित्सकहरुले बताए । जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता प्रहरी नायव उपरीक्षक जीतेन्द्र कुमार बस्नेतले अपराधका आरोपी परमेश्वर खंग र झुलफुल देवीलाई बुधवार नै पक्राउ गरिएको जानकारी दिए । उनले पक्राउ परेका खंग दम्पतीमाथि कुटपिट तथा भुरण हत्यासम्बन्धी मुद्दा चलाइने जनाए । यसअघि विवाहको प्रलोभन देखाई आपूm सँग पटकपटक शारीरिक सम्बन्ध स्थापित गरेका शिवजी फरार भएको भन्दै सनिसाले प्रहरीमा निवेदनसमेत दिएकी थिइन् । गाउँघरमा भएको पञ्चायतीको निर्णयसमेत पालना नगरी शिवजी फरार भएपछि न्यायका लागि उनी सदरमुकाम राजविराज धाउँदै थिइन् । कक्षा १२ उत्तीर्ण गरेकी सनिसा कक्षा १० मै पढ्दै गरेका बेला शिवजीसँग प्रेम सम्बन्धमा जोडिन पुगेको उनले प्रहरीमा दिएको उजुरीमा उल्लेख गरेकी थिइन् । प्रहरीमा उजुरी परेपछि स्थानीय गजेन्द्रनारायण सिंह अस्पतालमा उनको स्वास्थ्य परीक्षण गराउँदा उनी ४ महिनाको गर्भवती भएको रिपोर्टले देखाएको थियो । २०८२ वैशाख १४ गते उनी २० वर्ष पार गरी २१ औँ वर्षमा प्रवेश गरेकी छिन् । कानूनी व्यवस्थाअनुसार उनको विवाह गर्ने उमेर पुगिसकेको छ । घटना सार्वजनिक र चर्किंदैँ गएपछि गाउँमा २०८१ चैत १२ गते पंचायती बसेको थियो । दुवै पक्षका अभिभावक, भलाद्मी र प्रहरीको उपस्थितिमा शिवजीले सनिसाको उमेर पुगेपछि विवाह गर्ने लिखित कबुल गरेका थिए तर, अहिले शिवजीले बोली फेरेको र छाडेर भागेको सनिसाको दुखेसो छ । शिवजीले विवाह गर्न अस्वीकार गरेको र उनका अभिभावकले पनि घरमा राख्न इन्कार गरेपछि प्रहरीको शरणमा पुग्दा प्रहरीकै सहयोगमा शिवजीको घरमा बसिरहेका बेला यस्तो घटना भएको उनको भनाइ छ ।

# तीन दिनभित्र सरुवा भएका कर्मचारी हाजिर गराएर काज फिर्ता नगरे कारबाही गर्ने स्वास्थ्य मन्त्रालयको चेतावनी

**काठमाडौं ।**
स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संघीय अस्पताल तथा मातहतका निकायमा सरुवा भए पनि हाजिर नगराइएका कर्मचारीलाई तीन दिनभित्र हाजिर नगराए कारबाही गर्ने चेतावनी दिएको छ ।

सरुवा भए पनि कर्मचारीहरुलाई हाजिर नगराइएको तथा काजमा लामो समय कार्यरत रहेको गुनासो पछि स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले यसलाई रोक्न तीन दिनभित्र हाजिर गराउने व्यवस्था गर्न अधिकारीहरुलाई भनेका थिए ।

लगत्तै मन्त्रालयको कर्मचारी प्रशासन शाखाले संघीय अस्पताल तथा मातहतका कार्यालयमा पत्र पठाउँदै तीन दिनभित्र कर्मचारीहरुलाई हाजिर नगराए विभागीय कारबाही तथा सेवा सुविधा वागतको रकम असुलउपर गर्ने सचिवस्तरीय निर्णयको ब्यहोरासहितको पत्र पठाएको हो ।

स्वास्थ्य सेवामा आफ्नो दरबन्दी भन्दा बाहिर काजमा बस्ने प्रवृत्ति धेरै रहेको र यसकै कारण सरुवा भएकालाई समेत हाजिर गराउन नसकिएको गुनासो सुनिने गरेको थियो । सोही गुनासो सम्बोधन गर्न मन्त्रालयले कडा चेतावनीसहितको पत्र पठाएको हो ।

मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले अटेर गरेमा विभागीय कारबाही गरिने बताए ।

# संवैधानिक आयोगका पदाधिकारीविरुद्धको सुनवाइको फैसला पुनःसर्‍यो

**काठमाडौँ ।**
सर्वोच्च अदालतले ५२ जना संवैधानिक आयोगका पदाधिकारीविरुद्ध दायर रिट निवेदनमाथिको निर्णय सुनाउने मिति आगामी असार १८ गतेलाई तोकेको छ ।

प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, न्यायाधीश सपना प्रधान मल्ल, मनोजकुमार शर्मा, डा कुमार चुँडाल र डा नहकुल सुवेदीका इजलासमा रहेको सो मुद्दाविरुद्धको फैसलाको निर्णय सुनाउने मिति पुनः सरेको हो ।

सर्वोच्च अदालतका सहप्रवक्ता नीराजन पाण्डेले संवैधानिक आयोगका पदाधिकारीविरुद्धका निवेदनमा आज सुनाउने भनिएको फैसला आगामी असार १८ गतेका लागि सरेको जानकारी दिनुभयो ।

सरकारले २०७७ र २०७८ सालमा दुई चरणमा गरी अध्यादेशमार्फत संवैधानिक आयोगमा ५२ जनापदाधिकारी नियुक्त गरेको थियो ।

अध्यादेशमार्फत संवैधानिक आयोगमा पदाधिकारी नियुक्ति गर्नु गैरकानुनी भएको उल्लेख गर्दै १५ रिट निवेदन दर्ता भएको थियो । सोही निवेदनमाथिको सुनुवाइ यही जेठ १ गते सकिएको थियो ।रासस

# पार्टीमा एकता कायम नभएमा सुदुरपश्चिममा एमाले शुन्य हुने लेखराजको चेतावनी

**धनगढी ।**
नेकपा एमालेका सचिव तथा सुदूरपश्चिम प्रदेश इन्चार्ज लेखराज भट्टले पार्टीभित्र एकता कायम भए २०८४ मा सुदूरपश्चिम प्रदेशका सबै १६ प्रतिनिधिसभा निर्वाचन क्षेत्रमा जित हासिल गर्न सफल हुने बताएका छन् ।

नेपाल खेलकुद महासंघ सुदूरपश्चिम प्रदेशको दोस्रो अधिवेशनलाई सम्बोधन गर्दै उनले पार्टीभित्र आन्तरिक एकता नभए हाल प्राप्त दुई सिट समेत गुमाएर पार्टी शून्य सिटमा झर्न सक्ने चेतावनी दिए। पार्टीमाथि आन्तरिक र बाह्य दुवै कोणबाट आक्रमण भइरहेको बताउँदै उनले यस्तो अवस्थामा जनवर्गीय सङ्गठनहरू सक्रिय भएर अग्रपंक्तिमा उभिनु पर्ने आवश्यकता रहेको बताए ।

उनले भने, 'पार्टी सङ्कटमा पर्दा हामी सबै अग्रपंक्तिमा उभिनुपर्छ ।एमाले अहिले पनि बलियो बन्दै गएको छ, त्यसैले पार्टीमाथि घेराबन्दी भइरहेको छ । पार्टीका अध्यक्ष तथा वर्तमान प्रधानमन्त्रीमाथि समेत आन्तरिक र बाह्य रूपमा दबाब दिइएको छ, त्यसको प्रतिकार गर्न हामी सबै एकजुट हुनुपर्छ ।'

पार्टी अध्यक्षको आत्मबल र सक्रियता सबैका लागि प्रेरणादायी भएको उल्लेख गर्दै उनले देश निर्माणमा समर्पित भएको पनि जनाए । अध्यक्ष केपी शर्मा ओलीले दिनको २० घण्टा काम गर्ने गरेको जनाउँदै यस्तो नेतृत्वबाट खेलाडीहरूले पनि प्रेरणा लिनुपर्नेमा जोड गरेका छन् ।

'समृद्ध नेपाल, सुखी नेपाली' अभियानलाई आत्मनिर्भर भएर अघि बढाउनु पर्ने भन्दै उनले सबैलाई पार्टीभित्र अनुशासन र एकताको भावना आत्मसात् गर्न उनले आह्वान गरे ।




## चितवनमा गर्मीको असरः

# 'हिट स्ट्रोक'बाट बिरामी पर्न थाले



**चितवन ।**
जिल्लामा पछिल्लो केही दिनदेखि लगातार गर्मी बढ्दै गएको छ । नागरिक उड्डयन प्राधिकरण भरतपुरका अनुसार बुधवार चितवनमा अधिकतम तापक्रम ३८ डिग्री सेल्सियस मापन गरिएको छ भने अघिल्लो दिन यो तापक्रम ३९ डिग्री पुगेको थियो ।

गर्मी बढेपछि जनजीवनमा प्रत्यक्ष असर पर्न थालेको छ । गर्मीका कारण यहाँका कतिपय स्थानीय निकायले विद्यालय बन्द गरेका छन् । दिउँसो सडक र बजार सुनसान देखिन थालेका छन् । विशेषगरी वृद्ध, बालबालिका र बाहिर खटिने श्रमिकमा यसको असर बढी परेको छ ।

भरतपुर महानगरपालिका वडा १०स्थित चौविसकोठीको सडक छेउमा पचपन्न वर्षीया चन्द्रकुमारी पुनमगर मकै पोलेर बिक्री गर्ने काम गर्छिन । उनि भन्छिन, 'दिनभर घाम र आगोका बीचमा बस्नुपर्छ, शरीर नै सिथिल हुन्छ । ग्राहक नै छैनन्, अहिले रु ५० मा एक घोगा मकै पनि बेच्न गाह्रो भएको छ ।' सडक सुनसान भएकाले पैदलयात्री र ग्राहकको सङ्ख्या घटेको देखिन्छ ।

सोही स्थानमा भेटिएका अटो चालक खलबहादुर मगरको कुरा पनि यस्तै छ । उनि भन्छन, 'रिक्साको छत र सडक दुवैको रापले काम गर्न मनै लाग्दैन ।तर के गर्ने, घर चलाउनु नै छ । अहिले मान्छे हिँड्नै छाडे जस्तो छ ।' त्रिचोकतर्फबाट पैदल आउँदै गरेका ४८ वर्षीय भगवान् शाहीले त गर्मीले थाकेर समयमै काममा पुग्न नसकेको गुनासो गरे ।'गर्मीले हिँड्नै सकिएन ।केही दिनदेखि समयमा काममा पुग्न सकिएको छैन', उनले भने, 'अब त गर्मीमा हिँड्दा दुई जोर कपडा लिएर हिँड्नुपर्छ, पसिना भिजेपछि फेर्न ।'गर्मीका कारण स्वास्थ्यमा पनि असर देखिन थालेको छ । अस्पतालमा गर्मीसम्बन्धी समस्या लिएर आउने बिरामीको सङ्ख्या बढ्दै गएको भरतपुर अस्पतालका फिजिसियन डा गोविन्द कँडेलले बताए ।

उनका अनुसार अत्यधिक गर्मी र हावामा आद्रता धेरै हुँदा पसिना नआउने समस्या हुन्छ, जसले गर्दा शरीरको भित्री तापक्रम अत्यधिक बढ्छ । यस्तो अवस्था गम्भीर 'हिट स्ट्रोक'मा परिणत हुन सक्छ । अहिले चितवनमा दुई जना व्यक्तिलाई हिट स्ट्रोक भएको पुष्टि भएको समेत उनले बताए । तीमध्ये एक जना चितवन मेडिकल कलेज (सिएमसी) शिक्षण अस्पतालमा भेन्टिलेटरमा राखेर उपचारपछि निको भएर फर्किसकेका छन् ।

त्यसैगरी, गर्मीमा दम, छातीका रोगी र सङ्क्रमणजन्य रोग पनि सक्रिय हुनसक्ने उनले बताए । अहिले झाडापखाला र बान्ताका बिरामी केही देखिए पनि मुख्य रूपमा टाइफाइड र ज्वरोका बिरामी बढी देखिन थालेका छन् ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् रोजन लामिछानेका अनुसार अहिले देशका केही पूर्वी भागमा वर्षा भइरहेको छ भने चितवनजस्ता स्थानमा हावामा पानीका कण धेरै भएकाले तापक्रम कम भए पनि आद्रताका कारण मानिसले बढी जस्तो महसुस गर्ने अवस्था हुन्छ । यसलाई प्राविधिक भाषामा 'फिल लाइक टेम्परेचर' भनिन्छ ।

फिजिसियन डा कँडेलले दिउँसोको समयमा अत्यधिक गर्मी हुँदा बाहिर काम नगर्न, सकेसम्म घरभित्र वा छायाँमा बस्न, नियमित पानी पिउनु र शरीरलाई हाइड्रेटेड राख्नु अत्यावश्यक भएको बताउछन । उनले लामो बाहुला भएको कपडा लगाउने र कीरा–सर्पबाट जोगिन मोजा तथा जुत्ता लगाउनुपर्ने सुझाव दिएका छन ।

मौसमविद लामिछानेका अनुसार बुधवार रातिबाट वर्षाको सम्भावना बढ्दै गएको छ । यसले तापक्रम केही घटाउने आशा गरिएको छ । तापक्रम अझै केही दिन उच्च नै रहने भएकाले स्थानीयवासीलाई विशेष सतर्कता अपनाउन विज्ञहरूले आग्रह गरेका छन् ।रासस

# घोडाघोडी तालमा रहेको झार हटाइँदै



**कैलाली ।**
विश्व रामसार क्षेत्रमा सूचिकृत कैलालीको घोडाघोडी तालमा मिचाहा प्रजातिको बेसरम झार हटाउन सुरु गरिएको छ । नेपालको पहिलो वर्ड सेन्चुरी (चरा अभय आरक्ष क्षेत्र) का रूपमा परिचित घोडाघोडी तालको उत्तर र पूर्वी क्षेत्र बेसरम झारले ढाक्दै गएको छ ।

जैविक विविधताले महत्त्वपूर्ण मानिएको यो ताल मिचाहा प्रजातिले ढाक्दै गएपछि आजदेखि हटाउन थालिएको हो । सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयबाट डिभिजन वन कार्यालय पहलमानपुरको वार्षिक कार्यक्रमअन्तर्गत बजेट छुट्याएर बेसरम झार हटाउन सुरु गरिएको डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत रामचन्द्र कँडेलले जानकारी दिए । 'प्रदेश सरकारको पाँच लाख रुपैयाँ बजेटमार्फत मिचाहा प्रजातिको झार हटाउन सुरु गरेका छौँ', उनले भने । घोडाघोडी तालको उत्तरी भाग बेसरमले ढाक्दै गएपछि ताल क्षेत्र साँघुरिँदै गएको छ । 'तालको उत्तर क्षेत्रको बड्का सिराहा, छोड्की सिराहा, छोट्की छिड्टिलिया तथा पूर्वी क्षेत्रमा पनि तालको कुनाकुनामा बेसरमले ढाकेर ताल देखिँदैन । तालमा बेसरमसँगै जलकुम्भी, लहरे वनमारालगायत मिचाहा झारहरू प्रकोप बढ्दै गएका छन', उनले भने ।

यी मिचाहा झारहरूले पानीको सतहलाई पूर्णरूपमा ढाकेर सूर्यको प्रकाशलाई भित्र पस्न दिँदैनन्, जसले गर्दा पानीभित्रका रैथाने वनस्पति मर्न थालेका वन अधिकृत कँडेलले बताए । 'यसले पानीमा अक्सिजनको मात्रा घटाउँछ, जसले माछा र अन्य जलचरको जीवन सङ्कटमा पर्छन् । चराहरूले आहारा खोज्ने र बस्ने खुला पानीको सतह समाप्त हुँदा उनीहरूको बासस्थान समेत नष्ट हुन्छ', उनले भने ।

मिचाहा झारलाई समयमा नियन्त्रण गरिएन भने ताल र यहाँको सिमसार, जलिय जैविक विविधता खतरामा पर्ने चरा संरक्षण नेटवर्कका अध्यक्ष दयाराम चौधरीले बताए ।

अघिल्लो आर्थिक वर्षमा पनि डिभिजन वन कार्यालय पहलमानपुरमार्फत दुई दशमलव पाँच हेक्टर क्षेत्रफलको बेसरम हटाइएको थियो । यसपटक दुई दशमलव आठ हेक्टर क्षेत्रफलको बेसरम हटाइने अधिकृत कँडेलले बताए ।

हत्केला आकारमा फैलिएको घोडाघोडी ताल चराहरूको महत्त्वपूर्ण वासस्थानको रूपमा मानिन्छ । यहाँ विश्वव्यापी रूपमा खतरामा रहेका राजलाहाँचे, राज धनेस, माछाकुल, सेतो गिद्ध, डँगर गिद्ध, सानो खैरो गिद्ध, र भुडिफोर गरुड पाइन्छन् ।

तीन प्रजातिका चरा नाँदुन हाँस, हरिहाँस, बगाले सिम कुखुराले नेपालको घोडाघोडी क्षेत्रमा मात्रै प्रजनन गर्ने गर्दछन् । यसका साथै अजिङ्गर ,सालक, ओत, कछुवा, चितुवा, लोखर्के, खरायो, मुसा, न्याउरी मुसा, स्याल, मलसाँप्रो, बाँदर, लङ्गुर, बँदेल, रतुवा, चित्तल, निल गाई, गोही, सुन गोहोरो, छेपारालगायत विभिन्न प्रजातिहरूको महत्त्वपूर्ण बासस्थानका रूपमा यो क्षेत्र पर्दछ ।

चराहरूको बासस्थान रहेको घोडाघोडीमा हाल तीन सय ८० प्रजातिका चराहरू पाइन्छन् । चराहरूको महत्त्वपूर्ण बासस्थान रहेकाले यस क्षेत्रलाई विसं २०७८ फागुन २७ गते नेपालको पहिलो पहिलो वर्ड सेन्चुरी (चरा अभय आरक्ष क्षेत्र) घोषणा गरिएको थियो ।रासस

## मोटरसाइकल हराएको सूचना

मिति २०८२ जेठ २७ गते दिउँसो करिब ४ बजे जनकपुरधाम उपमहानगरपालिका–१४ मुजेलियास्थित आफ्नै घरअगाडि पार्किङ गरिराखिएको निम्न व्यवहोरा रहेको बजाज कम्पनीको अनटेस्ट पल्सर १५० सीसीको मोटरसाइकल हराएको हुदाँ फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न सम्पर्क नम्बरमा खबर गरी दिनु हुन अनुरोध गरिन्छ ।

मोटरसाइकलको ब्राण्डः बजाजको पल्सर १५० सीसी (कालो र रातो कलर)
मोटरसाइकल नम्बरः अनटेस्ट (नयाँ)
मोटरसाइकलः सांकेतिक नम्बर ८६२५
मोटसाइकल बनेको वर्षः २०२५
चेसिस नम्बरः MD2BHLXOSB-70575
ईन्जिन नम्बरः DHXPSB-30814
सम्पर्क नम्बरः ९८४४१०९९९८
मोटरसाइकल धनीः पुरुषोत्तम कुमार यादव

# प्रतिनिधि सभा बैठक २९ गते बस्नेगरि स्थगित



**काठमाडौं ।**
संघीय संसद अन्तरगत प्रतिनिधि सभाको बैठक जेठ २९ गतेको लागि स्थगित भएको छ ।

बुधबार जेठ २८ गते १ बजे बस्ने गरि तय भएको बैठक प्रतिपक्षको विरोधका कारण जेठ २९ गते बिहिबार दिनको ३ बजे बस्ने गरि बैठक स्थगित भएको सभामुख देवराज घिमिरेले जानकारी दिएका हुन् ।

प्रतिपक्षको दलको सांसदहरुले गृहमन्त्रीको राजीनामा र उच्च स्तरिय छानबिन समितिको माग गर्दै संसद अवरुद्ध गरेका हुन् ।

# भन्सार छलेर भित्र्याइएका सामान बरामद

**वीरगंज ।**
सशस्त्र प्रहरी बल नेपालको पर्सा इकाइले भन्सार छलेर भित्र्याइएका १३ लाख ७१ हजार बराबरका सामान बरामद गरेको छ ।

सशस्त्र प्रहरीले विभिन्न स्थानबाट सो परिमाणको भन्सार छली गरेर भित्र्याइएका सामान बरामद गरेको हो । सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी देवेन्द्रबहादुर सिंहका अनुसार सशस्त्र प्रहरीले वीरगंज महानगर–१० बजरङ्गस्थित सुधा कुञ्जबाट धीरज रौनियारले भारतबाट अवैध रूपमा भन्सार छली चोरीपैठारी गरी ल्याई गोदाममा भण्डारण गरी राखेको ७ लाख ७० हजार ५०० मूल्यका कपडा बरामद गरेको छ । सशस्त्र प्रहरीले बिआर०५यु ४५३० नम्बरको करिब एक लाख ५० हजार मूल्य पर्ने सुपर स्प्लेन्डर भारतीय मोटरसाइकल पनि बरामद गरेको छ । बरामद गरिएका कपडा र मोटरसाइकल वीरगंज भन्सार कार्यालयमा बुझाएको छ । सशस्त्रले वीरगंज महानगर–१० तथा १६ बाट विभिन्न सीमानाकाबाट दुई लाख ४८ हजार १०१ बराबरको कपडा तथा मसला बरामद गरेको छ । मङ्गलबार नै सशस्त्र प्रहरीले बिन्दवासिनि गाउँपालिका प्रसौनिबाट भारतबाट अवैध रूपमा भन्सार छली बिआर२२यु १४३२ नम्बरको मोटरसाइकलबाट ल्याउँदै गरेको २३ हजार ३८० मूल्यका किरानाका सामान बरामद गरेको थियो ।

# ट्राफिक जनचेतना जगाउँदै ट्राफिक सप्ताह मनाइयो

**वीरगंज ।**
पर्सामा सप्ताहव्यापी जनचेतनामूलक कार्यक्रम गरेर ट्राफिक सप्ताह मनाइएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयले यही जेठ २२ गतेदेखि २८ गतेसम्म ट्राफिक सप्ताह मनाएको हो । कार्यालयले चोक–चोकमा र विद्यालय–विद्यालयमा पुगेर सवारी दुर्घटना न्यूनीकरण र ट्राफिक जनचेतनामूलक कार्यक्रम गरेको छ । ट्राफिक सप्ताहको समापनमा वीरगंज महानगर प्रमुख राजेशमान सिंहले ट्राफिक जनचेतनामूलक कार्यक्रम एकदिन मात्रै नभएर ३६५ दिन आवश्यक रहेको बताए । 'ट्राफिक नियम पालना गराउने जिम्मेवारी ट्राफिक प्रहरीको मात्रै होइन', उनले भने, 'ट्राफिक नियमको पालना सामूहिक रुपमा गरेर अघि बढेको खण्डमा प्रभावकारी हुन्छ ।'

नगरप्रमुख सिंहले एक अर्का निकायलाई दोषारोपण गर्नेभन्दा सामूहिक रुपमा ट्राफिक नियम कार्यान्वयन गर्नुपर्ने बताए ।

महानगरका उपप्रमुख इम्तियाज आलमले ट्राफिक नियम सहरी क्षेत्रमा मात्रै नभएर ग्रामीण क्षेत्रमा पनि पालना गर्नुपर्ने बताए । निमित्त प्रमुख जिल्ला अधिकारी सुमनकुमार कार्कीले नेपालमा सवारी दुर्घटनामा दैनिक सात जनाको ज्यान जाने भएकाले ट्राफिक नियमको पालना कडाइपूर्वक गर्नुपर्ने बताए । 'सवारी दुर्घटनामा परेर अकालमै मृत्यु हुनेको तथ्याङ्क बढेको छ । त्यसैले सरोकारवाला निकायले समन्वय गरेर सवारी दुर्घटना न्यूनिकरण गर्नेतर्फ अघि बढ्न जरुरी भइसकेको छ', उनले भने । पर्सामा चालु आर्थिक वर्षको जेठ २७ गतेसम्ममा सवारी दुर्घटनामा ३५ जनाको मृत्यु भएको छ । पर्साका प्रहरी प्रमुख गौतम मिश्रले ट्राफिक प्रहरीसँग पर्याप्त मात्रामा पूर्वाधार नहुँदा काम गर्न अप्ठेरो परेको गुनासो गरे । 'सडकमा अत्यावश्यक संरचनाको अभाव छ । जसका कारण ट्राफिक प्रहरी एक्लैले सबै समस्या समाधान गर्नसक्ने अवस्था छैन', उनले भने, 'वीरगंज महानगरलगायतका स्थानीय सरकारले सडकमा आवश्यक बत्ती र अन्य सडक फर्निचरको प्रबन्ध मिलाइदिने हो भने ट्राफिक व्यवस्थापनमा धेरै सहज हुने थियो ।' जिल्ला ट्राफिक प्रहरी कार्यालय प्रमुख लोकराज भट्टले सप्ताहव्यापी अभियानअन्तर्गत पर्साका चोक–चोकमा ट्राफिक जनचेतनामूलक कार्यक्रम गरेको जानकारी दिए । यातायात व्यवसायीको तर्फबाट जगतसाह कानुले यस्ता रचनात्मक कार्यक्रमले सवारी दुर्घटना न्यूनिकरणमा सघाउ पुर्याउने उनले बताए । ट्राफिक जनचेतना कार्यक्रममा विद्यार्थीहरुको सहभागिता थियो ।

# सद्गुरु कबीरदासको ६२७औं जयन्तीमा जनकपुरमा र्‍याली



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सद्गुरु कबीरदासको ६२७औं प्रकट्य दिवसको अवसरमा मधेश प्रदेश सरकारले पहिलोपटक सार्वजनिक बिदा दिएको छ । प्रदेश सरकारको निर्णयअनुसार बुधबार सार्वजनिक बिदा दिइएपछि कबीरपन्थी अनुयायीहरूले जनकपुरमा विविध धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरेका थिए । कबीरपन्थका अनुयायीहरूले पूर्वसन्ध्यामा जनकपुरमा भव्य र्‍याली निकालेका थिए । सद्गुरु कबीर बालबात्सल्य आश्रमबाट निस्किएको र्‍यालीको नेतृत्व आश्रमका संचालक सत्यनारायण आलोकले गरेका थिए । र्‍यालीले जनकपुरका विभिन्न भागको परिक्रमा गरेको थियो । कार्यक्रमको अवसरमा प्रदेश सरकारका तर्फबाट सहभागी भएका वन तथा वातावरण मन्त्री संजयकुमार यादवलाई कबीरपन्थीहरूले सम्मान गरे । कबीर सागरमा उल्लेख भएअनुसार कबीरदासको अवतरण सन् १३९८ (संवत १४५५) मा जेठ पूर्णिमाको ब्रह्ममुहूर्तमा लहरतारा तालको कमलको फूलबाट भएको मानिन्छ । त्यसबेला नीरु र नीमा नाम गरेका एक दम्पतीले उनलाई आफ्नो घर लगेका थिए । १५औं शताब्दीका निर्गुण भक्ति शाखाका प्रतिनिधि कवि कबीरदास समाजमा व्याप्त जातीय विभाजन, अन्धविश्वास र धार्मिक आडम्बरका प्रखर आलोचक थिए । हिन्दू र मुस्लिम दुवै समुदायका मानिसले उनलाई गुरु मानेका थिए । उनका शिक्षामा आधारित 'कबीर पन्थ' सम्प्रदाय आज पनि भारत, नेपाललगायत विभिन्न देशमा सक्रिय छ । जनकपुरधामसहित मधेशका विभिन्न भागमा कबीरपन्थीहरूले सत्संग, भजन कीर्तन र प्रवचनसहित विविध कार्यक्रम गर्दै सद्गुरु कबीरको जयन्ती मनाएका छन् ।

# माविपथरा बुधराममा प्राविधिक शिक्षाले लियो गति




**आरके श्रीवास्तव**
**रौतहट ।**
रौतहटको मौलापुर नगरपालपका वडा नम्बर–६ पथरास्थित श्री माध्यमिक विद्यालय पथरा बुधराममा वि.स. २०७३ सालदेखि सञ्चालनमा रहेको डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग कार्यक्रमले प्राविधिक शिक्षामा नयाँ उचाइ लिएको छ । नेपाल सरकारको 'प्रत्येक पालिकामा एउटा प्राविधिक धार' नीति अनुरूप सञ्चालनमा आएको उक्त कार्यक्रम अहिले सशक्त रूपमा अघि बढिरहेको छ । हाल चालू शैक्षिक सत्रमा ४८ जना विद्यार्थी अध्ययनरत छन् । कक्षा ८ र ९ मा अध्ययन गर्न इच्छुक विद्यार्थीहरूलाई इन्ट्रान्स परीक्षामार्फत नामाङ्कन गरिन्छ । चार वर्षको अध्ययन पुरा गरेपछि विद्यार्थीलाई नेपाल सरकारबाट प्रमाणित डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्गको प्रमाणपत्र प्रदान गरिन्छ । विद्यालयका प्रधानाध्यापक राजेश कुमार सिंहका अनुसार, 'विद्यार्थीहरूलाई अध्ययनका क्रममा विभिन्न सरकारी तथा निजी कार्यालयहरूमा प्राविधिक अवलोकनका लागि पनि लैजानुका साथै उनीहरूलाई व्यवहारिक ज्ञान दिइँदैछ ।' उनले थपे, 'अध्ययनका लागि २० वटा ल्यापटप र ५० वटा डेस्कटप कम्प्युटर छन् । साथै, स्मार्टबोर्डमार्फत शिक्षण प्रक्रिया सञ्चालन गरिन्छ ।' विद्यालयमा प्राविधिक धारका लागि ९ जना दक्ष शिक्षक कार्यरत छन् । तीमध्ये एकजना, शिक्षक लखिन्द्र यादवका अनुसार, 'विद्यार्थीहरूमा कम्प्युटर सम्बन्धी प्राविधिक दक्षता अभिवृद्धिमा निरन्तर ध्यान दिइँदैछ ।' विद्यालय सञ्चालनमा राजनीतिक हस्तक्षेप हटाउँदै सहकार्य र समर्पणका साथ अघि बढेको बताउँदै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विवेक यादवले भने, 'हामीले राजनीतिक गतिरोध अन्त्य गरी विद्यालयमा प्राविधिक शिक्षाको स्तर उकास्न प्राथमिकता दिएका छौं । शिक्षामा गुणस्तर ल्याउने हाम्रो मुख्य उद्देश्य हो ।' अर्कोतर्फ, लेखापाल भगत साहले जानकारी गराएअनुसार नेपाल सरकारबाट डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ्ग अध्ययनरत विद्यार्थीका लागि प्रत्येक वर्ष १२ लाख रुपैयाँ बराबरको रकम बजेटस्वरूप प्राप्त हुन्छ । अबदेखि त्यो रकम चार वर्षका लागि कूल १२ हजार विद्यार्थी खातामा सिधै पठाउने व्यवस्था गरिएको छ । श्री मावि पथरा बुधरामको यो प्राविधिक पहलले ग्रामीण क्षेत्रमा गुणस्तरीय र व्यवहारिक शिक्षालाई टेवा पुर्याइरहेको छ ।

# लुटपाट गर्ने गिरोहका दुई जना पक्राउ



**राकेश यादव**
**रौतहट ।**
रौतहट प्रहरीले लुटपाट गर्ने गिरोहका दुई जनालाई पक्राउ गरेको छ । जिल्लाको यमुनामाई गाउँपालिका वडा नम्बर–१ जेठरहिया नजिक झाझ पुलमा लुटपाट गर्ने उदेश्यले बसेको गिरोहको दुई जनालाई प्रहरीले पक्राउ गरेको हो । दुर्गा भगवती गाउँपालिका वडा नम्बर–३ मत्सरी निवासी कृष्णमणी झाले चलाइरहेको मधेश प्रदेश ०७–००१प –०००४ नम्बरको मोटरसाइकल रोकेर लुटपाट गर्न लागेको भनि प्राप्त भएको सूचनाको आधारमा गएको प्रहरी टोलीले झालाई सकुशल उद्धार गरि घटनामा संलग्न रहेको आरोपमा दुई जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ । पक्राउ पर्नेमा स्थानीय यमुनामाई गाउँपालिका वडा नम्बर–१ का २२ बर्षीय मुकेश महतो र २० बर्षीय सिताराम महतो रहेको प्रहरी नायव उपरिक्षक दिपक कुमार रायले जानकारी दिए । पक्राउ परेका दुवै जनालाई हिरासतमा राखेर फरार भएका अन्यको खोजी कार्य जारी रहेको प्रहरीले जनाएको छ ।




# गर्मीले जनजीवन कष्टकर

**मधेशदृष्टि**
**वीरगंज ।**
केही दिनदेखि तराईमा गर्मी बढ्ने क्रम जारी रहेकोमा वीरगंजमा औसत तापक्रम बढेर ४१ डिग्रीसम्म पुग्दा जनजीवन कष्टकर बनेको छ । अत्यधिक रुपमा गर्मी बढ्दा सर्वसाधारणको दैनिक कार्यसमेत प्रभाव भएको छ । तीन दिन यता तराईका जिल्लाहरुमा निरन्तर गर्मी बढिरहेको छ । गर्मी बढिरहेको समयमा वर्षा नहुँदा थप जनजीवन कष्टकर बन्दै आएको सर्वसाधारणको भनाइ छ । गर्मीका कारण दैनिक ज्यालादारी काम गर्ने मजदूरहरु बढी प्रभावित भएका छन् भने बालबालिका, ज्येष्ठ नागरिकहरु समेत प्रभावित बन्न पुगेका छन् । त्यस्तै, विद्यालयहरुमा अध्ययन गर्न आउने विद्यार्थीहरुको सङ्ख्या न्यून भएको छ । यसैबीच वीरगंज स्कुल र एञ्जल स्कुलले पनि दुई दिनका लागि विद्यालय बन्द गरेका छन् । यद्यपी वीरगंज महानगरपालिकाले भने अहिलेसम्म विद्यालयमा विदा दिने बारे कुनै पनि सूचना सार्बजनिक गरेको छैन । यता, गर्मीका कारण जनजीवन प्रभावित भइरहेको अवस्थामा अनियमित विद्युत आपुर्तीले भने झनै सास्ती भइरहेको छ ।

# जनकपुरधाममा १८औं राष्ट्रिय सोतोकान कराँते प्रतियोगिता हुँदै

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा यही जेठ ३१ गतेदेखि १८औं राष्ट्रिय सोतोकान कराँते प्रतियोगिता तथा दोस्रो वडा अध्यक्ष कप शुरु हुने भएको छ । जनकपुरधाम उपमहानगरपालिका–८ को आयोजनामा हुने प्रतियोगिता धनुषा जिल्ला खेलकुद विकास समिति कभर्ड हलमा सञ्चालन गरिनेछ । नेपाल सोतोकान कराँते संघ धनुषा र मधेश प्रदेश खेलकुद परिषद्को सहकार्यमा आयोजना गरिने प्रतियोगितामा देशभरिका विभिन्न जिल्लाबाट कराँते खेलाडीहरूको सहभागिता रहने आयोजकले जनाएको छ । युवा पुस्तामा अनुशासन, स्वास्थ्य र राष्ट्रप्रेमको भावना जागृत गराउने उद्देश्यले प्रतियोगिता आयोजना गर्न लागिएको उपमहानगर–८ का वडाध्यक्ष दिनेश सिंहले बताए । प्रतियोगिताको उद्घाटन समारोह जेठ ३१ गते बिहान ११ बजे हुनेछ । उद्घाटन समारोहमा मधेश प्रदेश खेलकुद परिषद्का सदस्य सचिव शिवजी प्रसाद गुप्ता प्रमुख अतिथिको रूपमा सहभागी हुनेछन् । समापन समारोह भने असार १ गते दिउँसो १२ बजे हुने तय गरिएको छ । समापन समारोहमा राष्ट्रिय युवा संघ नेपालका अध्यक्ष क्षितिज थेबे प्रमुख अतिथि रहनेछन् । मधेश खेलकुद परिषद्का सदस्य लभ कुमार अधिकारीले कराँते प्रशिक्षक, खेलाडी तथा खेलप्रेमीहरूलाई कार्यक्रम सफल बनाउन उपस्थित भइदिन आग्रह गरेका छन् । प्रतियोगिताले जनकपुरमा कराँते खेलको विकासमा टेवा पुर्याउने विश्वास आयोजकले लिएको छ ।

# कुशवाहाको अध्यक्षतामा ४५ सदस्यीय नगर कमिटी गठन

**मधेशदृष्टि**
**वीरगंज ।**
नेकपा (एमाले) बहुदरमाई नगर कमिटीको दोस्रो नगर अधिवेशन एक समारोहका बीच सम्पन्न भएको छ ।

अधिवेशनले सर्वसम्मतिमा प्रमोद कुशवाहाको अध्यक्षतामा ४५ सदस्यीय नगर कमिटी गठन गरेको छ । नगर कमिटीको अधिवेशनको बन्द सत्रलाई सम्बोधन गर्दै नेकपा एमालेका केन्द्रीय सदस्य तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताले नव–निर्वाचित सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई सपथ गराएका थिए ।

बन्दसत्रबाट प्रमोद कुशवाहाको अध्यक्षतामा ४५ सदस्यीय नगर कमिटी गठन गरेको छ । समितिको उपाध्यक्षमा सुरेन्द्र यादव, सचिवमा अशोक रौनियार, उप–सचिवमा देवतानन्द कलवार, महिला उप–सचिवमा सरिता पटेल लगायत रहेका छन् । मन्त्री गुप्ताले नवगठित नगर कमिटीलाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गरे । उनले नेकपा एमाले बलियो संगठन निर्माणको यात्रामा रहेको बताए । नेता शिव पटेलका अनुसार नगर अधिवेशन शान्तिपूर्ण र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भएको थियो ।

सम्पादकीय

# मन्दिरमा पार्कको बोर्ड राखेर बदमासी

वीरगंज महानगरपालिका वडा नम्बर २६ मा पूर्व वनमन्त्री तथा प्रदेश सभा सदस्य रमेश प्रसाद कुर्मीले शिलान्यास गरेको चिल्ड्रेन पार्क विवादमा परेको छ।

स्थानीय धर्मात्मा हरिशंकर प्रसादको परिवारले निर्माण गरेको राधाकृष्ण जानकी सीताराम हुनमान मन्दिर परिसर बाहिर चिल्ड्रेन पार्क भनेर शिलान्याश गरेर प्रदेश सरकारको रकम इ्वाम पार्ने काम भएको भन्दै यसको उत्खनन् मधेशदृष्टि दैनिक, रेडियो वीरगंज ९९ मेगाहर्ज र टिभी वीरगंजले गरेको छ।

वीरगंज महानगरभित्रै यो हदको भ्रष्टाचार आफैंमा लज्जास्पद हो। बालबालिकाको उद्यानका नाममा जिल्ला वन कार्यालयबाट बजेट भुक्तानी भएको छ। सबैभन्दा बलियो सरकार स्थानीय तह हो। वडाध्यक्षको सनाखत सबैभन्दा ठूलो कुरा हो। तर यहाँ त वडाध्यक्ष शम्भु मिश्रले पनि यस्तो अपराधलाई अनदेखा गरेर साथ दिएको पाइएको छ। पार्कमा बालबालिका खेल्ने केही सुविधा छैन। साधुबाबा छन्, माताहरु छन्। मन्दिर छ।

मधेशमा अख्तियार आक्रामक भइरहेका बेला यो हदको बदमासीले नेताहरुलाई मुद्दा लाग्ने विषय मात्रै हो। आफैँले यस्तो मसला दिने काम नेताहरुले नगरेको भए हुने !

## धरानको एन्फा एकेडेमीः राष्ट्रिय खेलाडी जन्माउने थलो

सङ्गीता राई

संखुवासभामा जन्मिनुभएका रोजेश ओझाले बाल्यकालमै देख्नुभएको थियो बललाई लात्तीले हानेर धेरै टाढा पु¥याएको सपना। दैनिकजसो साँझ परेपछि साथीहरुसँग गाउँका गल्लीहरुमा फालिएका मोजा र थोत्रा कपडाले बनाइएका बल खेल्न उहाँका लागि रमाइलो मात्र बनेन, भविष्य निर्माणको अभ्यास पनि बन्न पुग्यो। उहाँ अहिले यही धरान एन्फा एकेडेमीमा एक वर्षदेखि प्रशिक्षणरत हुनुहुन्छ।

उहाँले भन्नुभयो, 'छ–सात बर्षको उमेरदेखि नै ममा फुटबल खेल्ने सोख पलाएको थियो। पनि एक दिन फुटबलको राष्ट्रिय टिममा पुग्न सक्छु भन्ने सोचले आफू सानो हुँदा गाउँमा सञ्चालन भइरहेका फुटबल प्रतियोगिताहरु हेर्न पुग्थेँ। दाइहरुले खेलेको बललाई एकपटक हान्न पाए हुन्थ्यो भन्दै खेल मैदानको वरपर ढुकेर बस्थेँ। उहाँहरुले खेल्ला उछिटिएर बाहिर गुडेको बल समात्न पाउँदा ठूलो सफलता मिलेको जस्तो लाग्थ्यो।'

त्यतिबेला देखेको सपना आज आफूलाई एन्फा एकेडेमीमा पाउँदा निकै रोमाञ्चक लागेको उहाँ बताउनुहुन्छ। 'सपना देख्न मात्र ठूलो कुरा हैन रहेछ त्यसलाई पूरा गर्न कति मिहेनत चाहिन्छ भन्ने आज आफ्नै भोगाइले पुष्टि गरेको छ,' उहाँ भन्नुहुन्छ।

एकेडेमीमा दिनमा दुई पटक अभ्यास गराइन्छ। सुरुका दिनहरुमा घण्टौँसम्मको उफ्राई र दौडाइले गर्दा गोडा दुख्थ्या,े जिउ गल्थ्यो, शरीर पूरै थकित हुन्थ्यो। तर जब प्रशिक्षकले तिमी पनि राष्ट्रिय टिममा खेल्न सक्छौँ भनेर भन्नुहुन्थ्यो, क्षणभरमै शरीरमा एकाएक ऊर्जा भरिएर आउँथ्यो, जिउ हलुका र फूर्तिलो हुन्थ्यो। उहाँ भन्नुहुन्छ, 'उतिबेला पछि म पनि पक्कै राम्रो खेलाडी बन्न सक्छु भन्ने भाव मनमा जाग्थ्यो। एन्फा एकेडेमीले मलाई सपना देख्न मात्र हैन त्यहाँ पुग्ने बाटो पनि देखाइदिएको छ।'

धरानको एन्फा एकेडेमी जहाँ गल्लीमा खेलिएको बलले अन्तराष्ट्रिय मैदानको ढोका ढक्ढक्याउँछ। अहिले हजारौं युवा यस एकेडेमीमा पस्दा आफ्ना सपनाहरु लुकाउँदैनन्। अहिले धेरै युवा यही बाटो समाएर अघि बढिरहेका छन्, फुटबलको भरमा देश चिनाउने सपना बोकेर फुटबल सिक्दै सपना बुन्दै र देशको नाम संसारमा चम्काउने भरोसा बोकेर।

ओझाजस्तै यही भीडमा देखिनुहुन्छ सोलुखुम्बुका १५ वर्षीय प्रजल भुजेल उहाँले पनि ठूलो सपना देख्नुभएको। छ वर्षको उमेरदेखि नै फुटबलप्रति मोह राख्ने प्रजल अहिले पनि दिनहुँ धरान एन्फा एकेडेमीको खेल मैदानमा पसिना बगाइरहनु भएको छ। 'गाउँका गल्लीहरुमा फालिएका मोजामा कपडा खाँदेर बनाइएका बल साथीहरुसँग खेल्थ्यौँ,' उहाँले भन्नुभयो, 'कहिलेकाहीँ छ बारीमा फलेका भोगटे पनि टिपेर फुटबल खेल्थ्यौँ।'

साथीहरुसँग त्यही बेलादेखि फुटबलप्रतिको मोह बढ्दै गयो भुजेललाई। राष्ट्रिय फुटबल खेलाडी बन्ने मन छ, मिममत पनि छ, उहाँ भन्नुहुन्छ, 'आफूमा विश्वास पनि छ, फुटबल नखेलेको भए म तेक्वाण्डो खेलाडी कि त लाहुर बन्थेँ होला तर अहिले उहाँ फुटबलमै मन झुमाइरहनु भएको छ।'

घरपरिवारको साथ सहयोगले उहाँलाई अझ थप हौसला दिएको छ। उहाँले भन्नुभयो, "अहिले प्रशिक्षकले पनि राम्रोसँग सिकाउनुहुन्छ लाग्छ यो सिकाइले मिहेनत गरियो भने सफल भने हुन्छाँै। कुनै एक समय हरेक सहरका गल्लीहरूमा खेलिने फुटबललाई रमाइलो मानिन्थ्यो। तर अहिले ती गल्लीका खेलाडी नै राष्ट्रिय टोलीको ढोका ढक्ढक्याउन थालेका छन्। त्यो सम्भव भएको छ, धरान एन्फा एकेडेमी टेक्निकल सेन्टरको प्रभावका कारण। 'हामीले यहाँ केबल फुटबल खेलाडी मात्र तयार गर्दैनाँै, यहाँ अनुशासन र आत्मविश्वास पनि सँगै सिकाउँछाँै,' एन्फा एकेडेमीका प्रशिक्षक इन्दु रसाइली भन्नुहुन्छ।

एन्फा एकेडेमीमा प्रशिक्षक बन्नुभएका पूर्वराष्ट्रिय खेलाडी तथा राष्ट्रिय रेफ्री समेत रहनुभएका रसाइली २०५७ सालदेखि यहाँ खेलाडीलाई प्रशिक्षण दिँदै आउनुभएको छ। फुटबल खेलमै जीवन समर्पण गर्नुभएको रसाइलीले एन्फा एकेडेमी शुरु हुनअघि विभिन्न ठाउँहरुमा प्रशिक्षकको रुपमा काम नगरेको भए पनि राष्ट्रिय बुढासुब्बा गोल्डकपजस्ता प्रतियोगिताहरुमा रेफ्रीको महत्वपूर्ण भूमिका निभाउँदै आउनुभएको छ।

अहिले उहाँको प्रशिक्षणमा विशेष ध्यान खेलाडीहरुको खेल्ने तरिका र रणनीतिमा केन्द्रित रहेको बताउनुभयो। उहाँले भन्नुभयो, 'अहिले यहाँका खेलाडीहरुलाई बल कसरी हान्ने, कुन समयमा पास दिने, कसरी डिफेन्स भाँच्ने जस्ता कुरामा तालिम दिइरहेका छौँ,' रसाइली भन्नुहुन्छ, 'खेलाडीमा आत्मविश्वाससँगै प्राविधिक दक्षता विकास गर्नुपर्छ भन्ने हाम्रो मुख्य उद्देश्य हो।' उहाँको अनुभव र प्रशिक्षण शैलीले अहिलेको पुस्ताका खेलाडीलाई नयाँ ढङ्गले सोच्ने र खेल्न प्रेरित गरिरहेको छ। खेलाडीको खेलप्रतिको लगाव र दशकौंको अनुभवका साथ रसाइली अझ पनि युवामाझ फुटबलको भविष्य निर्माणमा जुटिरहनुभएको छ।

धरानका एलिन थापा विगत एक वर्षदेखि एन्फा एकेडेमीमा नियमित तालिम लिइरहनुभएको छ। सानै उमेरदेखि फुटबल खेलमा रुचि राख्ने उहाँ पनि यहाँ आएपछि फुटबलप्रतिको अभिरुचि र लगाव झन बढेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, 'तालिमको क्रममा मैले अनुशासन, समयको मूल्य, 'टिमवर्क' र निरन्तर अभ्यासको महत्व बुभ्mन पाएँ।'

फुटबल क्षेत्रमा झण्डै २७ वर्ष अनुभव बटुल्नुभएका अनुभवी प्रशिक्षकले अहिले एन्फा एकेडेमीमा ३१ जना खेलाडीलाई नियमित तालिम दिइरहनुभएको छ। बिहान र बेलुका गरेर दुई समय तालिम सञ्चालन गरिरहनुभएका उहाँले खेलाडीहरुको शारीरिक प्राविधिक र मानसिक विकासमा केन्द्रित भएर काम गरिरहने बताउनुभयो। उहाँले भन्नुभयो, 'कहिले फुटबल नै नछोएका खेलाडी छैनन्, फुटबल सिक्नका लागि जिल्ला हुँदै केन्द्रबाट छनोट भएर आएका खेलाडी छन्।' तालिम दिन गाहे भने छैन, खेलाडीको इच्छा शक्ति र लगनशीलता छ भने उनीहरुलाई सक्षम बनाउन सहज भएको उहाँको अनुभव छ।

इलामका १६ वर्षिय प्रनिश राई अहिले एन्फा एकेडेमीमा नियमित तालिम लिइरहनुभएको छ। एक वर्षदेखि निरन्तर तालिममा लिइरहनुभएका प्रनिशलाई फुटबलप्रतिको प्रेम भने बाल्यकालदेखि नै लागेको थियो। उहाँका बुबा पनि खेलाडी भएका कारण त्यसको प्रभाव उहाँमा पनि परेको हुनसक्छ। सानो उमेरमै घरका आँगन र गल्लीतिर प्लाष्टिकका बल त कहिले पुराना फालिएका कपडाको पोको पारेको बल बनाएर खेल्नुहुन्थ्यो। सानै उमेरबाट फुटबलमा रुचि राख्ने प्रनिश अहिले फुटबलमै भविष्य देखिरहनु भएको छ। धरानको एन्फा एकेडेमीको खेल मैदानमा पसिना बगाइरहेका उहाँले भन्नुभयो, 'छोरालाई राष्ट्रिय खेलाडी बनाउने बुबाको सपना छ, मैले त्यो सपना पूरा गर्नु छ घरपरिवारको माया र सहयोगको कारण फुटबलप्रतिको लगाब र हौसला बढेको हुनसक्छ।'

अहिले हरेक सहरको गल्लीगल्लीका युवाहरू केबल गोल हानिरहेका मात्र छैनन्, उनीहरू जीवनमा गोल 'सेट' पनि गरिरहेका छन्। 'फुटबल भनेको खेल मात्र नभएर धेरैको सपना हो। त्यो सपना गल्लीदेखि सुरु हुन्छ र एकेडेमीजस्तो ठाउँमा आएर आकार लिन्छ,' धरानस्थित एन्फा एकेडेमीका व्यवस्थापक तथा कोशी प्रदेश फुटबल सङ्घका अध्यक्ष तथा पूर्वराष्ट्रिय खेलाडी किशोर राईले भन्नुभयो। पूर्वी नेपालको खेलकुदको सहर र खेलकुदको केन्द्र मानिने धरानमा २०५७ सालमा धरान उपमहानगरपालिका–१७ मा स्थापना भएको एन्फा एकेडेमी टेक्निकल सेन्टर हाल प्रदेशस्तरमा अत्याधुनिक खेल प्रशिक्षण दिने संस्था बनेको छ। सानै उमेरबाट फुटबल खेलप्रति रुचि राख्दै राष्ट्रिय खेलाडीको रुपमा आफ्नो 'करियर' शुरु गर्नुभएको राईकै नेतृत्वमा एन्फा एकेडेमी स्थापना गरिएको हो।

नेपाली फुटबलको जरा बलियो बनाउने उद्देश्यका साथ स्थापना गरिएको यो एकेडेमीबाट अहिलेसम्म सयभन्दा बढी राष्ट्रिय खेलाडी उत्पादन भइसकेका छन्। विभिन्न सहरहरुका गल्लीहरुमा रहेका प्रतिभाशाली युवा खेलाडीहरुलाई एउटै थलोमा भेला गराई व्यवस्थित थियो। गाउँ सहरका गल्लीहरुमा फुटबल खेल्दै हुर्केका युवा खेलाडीहरुलाई अन्तरराष्ट्रियस्तरको प्रशिक्षण दिने वातावरण बनाउने सपना बोकेर यो एकेडेमी सथापना गरिएको उहाँले बताउनुभयो। अहिले धरान एन्फा एकेडेमीमा ३० जना बढी खेलाडीले तालिम लिइरहेका छन्। उनीहरुको सबैको सपना एउटै छ, राष्ट्रिय जर्सी लगाएर मैदान उत्रनु। गल्लीमा बल खेल्दै हिँड्ने बालकहरु अहिले सङ्गठित प्रशिक्षणमार्फत राष्ट्रिय प्रतिनिधि बन्ने बाटोमा लागिरहेका छन्। रासस

## विप्रेषणमा टिकेको नेपालको अर्थतन्त्र



डा.उदय रानामगर

विश्वव्यापीकरणपछि विश्वमा आप्रवासन एक तातो मुद्दा बनेको छ। विश्व आप्रवासन सङ्गठन (आइओएम)को अनुमानअनुसार सन् २०२० मा विश्वमा करिब २८ करोड १० लाख अन्तरराष्ट्रिय आप्रवासी छन्, जुन विश्वको जनसंख्याको ३.६ प्रतिशत हो। विश्वव्यापीकरणसँगै विश्वको जनसंख्यालाई एउटा भौगोलिक सीमाभित्र सीमित गर्न सकिँदैन। यसको कारण विश्वमा जता रोजगारी तथा व्यापारको अवसर छ, त्यता नै युवाको चाप बढ्ने गरेको छ। आप्रवासनबाट प्राप्त हुने विप्रेषण प्रायः देशका लागि प्राथमिक स्रोतको रुपमा रही आएको छ। विश्वमा सन् २०२२ मा अन्तरराष्ट्रिय आप्रवासीहरूबाट ८ सय ३१ अर्ब अमेरिकी डलर विप्रेषण आर्जन भएको देखिन्छ। विश्व बजारमा आप्रवासीहरूको संख्या विभिन्न कालखण्डमा बढेर गएको छ।

विश्वव्यापीकरणको कारण सन् १९७० को दशकमा विश्वको कूल जनसङ्ख्याको २.३ प्रतिशत जनसंख्या मात्र आप्रवासनमा जाने गरेकामा सन् २०२४ मा आउँदा बढेको देखिन्छ। यसले विश्वव्यापीकरण पश्चात् विश्वका प्रायः सबै देशहरूबाट मानिसहरू आप्रवासनमा जाने प्रवृत्ति बढेको देखिन्छ।

सन् २०२३ मा प्रकाशित विश्व आर्थिक फोरमको रिपोर्टअनुसार सन् २०२७ सम्म विश्वको बजार श्रमशक्तिको प्रवृत्ति परिवर्तन हुँदै जाने र वर्तमान श्रम बजार संरचनामा २३ प्रतिशत रोजगारी संशोधित परिवर्तन हुने र ४४ प्रतिशत विद्यमान सीप रोजगारीलाई प्रत्यक्ष प्रभाव पर्ने उल्लेख छ। यसले विश्व श्रम बजारमा आठ करोड ३० लाख जनसंख्यालाई प्रत्यक्ष प्रभाव पार्ने र नयाँ सीप भएका करिब छ करोड रोजगारी सिर्जना हुने पनि प्रक्षेपण गरिएको छ। यसले बजारमा थप अवसर र चुनौतीको सिर्जना गरेको छ।

दक्षिण एसियाली मुलुकहरूबाट वैदेशिक रोजगारीमा जानेको संख्या अन्य क्षेत्रको तुलनामा बढी छ। यो प्रवृत्ति नेपाल पनि उल्लेख्य छ। नेपाल सरकारले निषेध गरेको देशबाहेक जुनसुकै देशमा नेपालीहरू रोजगारीका लागि जानसक्ने व्यवस्था छ। हाल नेपाल सरकारले वैदेशिक रोजगारीको लागि एक सय ११ देशलाई स्वीकृत दिएको छ। यसबाट देश बाहिर रोजगारीमा जानेको लागि अवसरहरु बढ्दै गरेको देखिन्छ। प्राडा विश्वम्भर प्याकुरेलका अनुसार नेपालमा मध्यमस्तरको आर्थिक वृद्धि हुँदा पनि आर्थिक वृद्धि र रोजगारीबिच कुनै सम्बन्ध देखिँदैन। यो हुनुको प्रमुख कारण विशेष गरेर बढी रोजगारी प्रदान गर्ने निर्माण र कृषि क्षेत्रमा नभएर आर्थिक वृद्धि सेवा क्षेत्रमा सीमित भएकोले हो। तथ्याङ्कले के देखाउँछ भने एक प्रतिशत जिडीपी वृद्धि हुँदा सेवा क्षेत्रबाट मात्र ०.६१ प्रतिशत रोजगारी वृद्धि भएको छ। यसले नेपालमा रोजगारीको अभावलाई झनै बल्झाएको देखिन्छ। यसको कारण रोजगारीको खोजीमा वैदेशिक रोजगारीमा जानेको सख्या उल्लेख्य छ। अर्कातर्फ नेपालको अर्थतन्त्रको महत्वपूर्ण स्रोतको रुपमा रहेको विप्रेषणको विगत १० वर्षको औसत अवस्था हेर्दा कूल गार्हस्थ्य उत्पादनमा औसत अंश २३ प्रतिशत रहेको देखिन्छ।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको आर्थिक संरचनालाई नयाँ आकार दिएको छ। यहाँबाट बाहिरिने आर्थिक रूपमा सक्रिय जनसंख्याले नेपालको विकासमा असर त गरेको छैन भन्ने कुरा सोचनीय बनेको छ। हुन त नेपालको वैदेशिक रोजगारीको इतिहास त्यति पुरानो नभएतापनि आर्थिक उदारीकरण नीतिको अवलम्बनपश्चात् यो बढ्न थालेको देखिन्छ। सन् १९९० को दशकबाट तीव्र भई वैदेशिक रोजगार जाने क्रम पनि बढेको देखिन्छ। नेपालमा बार्षिक नौ लाख मानिसहरु रोजगारी खोजीको क्रममा रहेको देखिन्छ। अध्ययनअनुसार एक प्रतिशत आर्थिक वृद्धि हुँदा ०.३३ प्रतिशतले रोजगारी वृद्धि हुने गरेको देखिन्छ। तर नेपालको सवालमा रोजगारीको पर्याप्त मात्रामा सिर्जना हुन नसक्दा यूवा रोजगारीको खोजीमा विदेशिने गरेका छन्।

वैदेशिक रोजगारीबाट देशमा विप्रेषण आएकोले आर्थिक क्षेत्रमा भरथेग पुगेको छ। खाडीमुलुकमा जाने नेपालीहरूबाट आउने विप्रेषण गास, बास र स्वास्थ उपचारजस्ता क्षेत्रमा खर्च हुँदा रेमिट्यान्स पुँजी निर्माणमा उपयोगी हुन सकेको छैन। तथापि यो घरायसी आय र राष्ट्रिय जिडीपी वृद्धिको लागि प्रमुख स्रोत बनेको छ। यसले गर्दा रोजगारीको अवसर सिर्जना हुन नसक्दा फेरि पनि वैदेशिक रोजगारीमा जानेको संख्या बढ्ने गरेको छ।

रेमिट्यान्सले देशमा वैदेशिक मुद्राको सञ्चिति बढाउन छ। यसबाट समग्र वित्तीय क्षेत्रको विस्तार भई आर्थिक विस्तारमा मद्दत पु¥याइरहेको छ। विप्रेषणले घरायसी तहमा खाना, लत्ताकपडा, स्वास्थ्य हेरचाह र बालबालिकाको शिक्षाजस्ता अत्यावश्यक वस्तुहरूका लागि रकम उपलब्ध गराएर गरिबी घटाउन सहयोग गरेको देखिन्छ। घरायसी आय र आर्थिक वृद्धिका लागि विप्रेषण महत्वपूर्ण पक्ष बनेको छ भन्ने देखिन्छ।

यद्यपि पुँजी निर्माणमा यसको खासै उपयोगता देखिएको छैन। कूल प्राप्त हुने रेमिट्यान्सको ७९ प्रतिशत उपभोगमा नै खर्च हुने गरेको अध्ययनले देखाएको छ। जबकि प्राप्त भएको विप्रेषणको तीन प्रतिशत मात्र बचत हुने गरेको देखिन्छ।

आर्थिक वृद्धिमा सकारात्मक योगदान दिने विप्रेषण अर्थतन्त्रको छोटो अवधिको समस्या समाधान गर्ने अवसर बनेको छ। विदेशी मुद्राको प्रमुख स्रोत, आयातमा योगदान गर्दै राजस्व वृद्धि, गरिबी न्यूनीकरण, भूइँतहका जनताको आधारभूत आवश्यकता परिपूर्ति, प्रतिव्यक्ति आय वृद्धि, शिक्षा, स्वास्थ्य, आवासमा लगानी वृद्धिद्वारा मानव पुँजी निर्माणमा सहयोगसिद्ध बनेको छ। तर पनि यो दीर्घकालीन रूपमा एउटै स्रोतमाथिको उच्चतमस्तरको निर्भरता मुलुकको लागि निकै जोखिमपूर्ण हुन्छ। विदेशी मुद्रा आर्जनको एकल स्रोतमाथिको निर्भरतालाई अर्थशास्त्रीय भाषामा डच डिजिज पनि भनिन्छ। यो तत्कालको लागि उपलब्धीमूलकजस्तो देखिएता पनि दिगो आर्थिक वृद्धि र विकासको दृष्टिले प्रत्युत्पादक बन्ने सम्भावना हुन्छ।

पछिल्लो दुई दशकमा नेपालको अर्थतन्त्र न्यून आर्थिक वृद्धि र उच्च विप्रेषणको चपेटामा परेका छ। आन्तरिक रोजगारीका सीमित अवसर, वैदेशिक रोजगारीसँगै युवा पलायन, विप्रेषण आप्रवाहमाथिको अत्याधिक निर्भरताजस्ता समस्यासँग जुद्दै आएको छ। विप्रेषणमा मात्र धेरै भर पर्दा हामीले आन्तरिक उत्पादन बढाउनेतिर ध्यान दिन सकेको छैन। नेपालीहरूले विदेशबाट कमाएर ल्याएको रेमिट्यान्स फेरि विदेशी सामान आयातमै खर्च हुने गरेको देखिन्छ।

सन् २००६ मा गौडेलले नेपालको सन्दर्भमा गरेको अध्ययनअनुसार विप्रेषण विकासोन्मुख राष्ट्रका लागि विदेशी मुद्राको महत्वपूर्ण स्रोत रहने गरेको औँल्याइएको छ। यो भुक्तानी सन्तुलन र चालु खाता बचतको लागि समेत महत्वपूर्ण हुने अध्ययनको निचोड छ। नेपालबाट रोजगारीका लागि विदेश जाने धेरै युवाले आफ्नो परिवारलाई निकै मिहेनत गरी विप्रेषण आर्जन गरी पठाउने गरेको उनको तर्क छ। यद्यपि, विप्रेषणको नकारात्मक पक्षले युवा पुस्तालाई लामो समयसम्म परिवारबिना बाहिर बस्दा उनीहरूमा जोखिम बढ्ने गरेको र अन्ततः उनीहरूले आफ्नो मातृभूमि छोड्ने प्रवृत्ति बढेको निष्कर्ष रहेको छ। त्यसैगरी नेपाल राष्ट्र बैंकले सन् २०२३ मा प्रकाशित प्रतिवेदनअनुसार विप्रेषणका रूपमा भित्रिएको रकममध्ये दैनिक उपभोगमा मात्र ५८.७८ प्रतिशत खर्च हुने गरेको देखिएको छ भने शिक्षा तथा स्वास्थ्य क्षेत्रमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.७ प्रतिशत र मनोरञ्जन तथा अन्य क्षेत्रमा ८.६७ प्रतिशत खर्च गर्ने गरेको पाइएको छ। अध्ययनमा समेटिएका परिवारमध्ये ९६.६१ प्रतिशत परिवारको दैनिक उपभोग खर्च वैदेशिक रोजगारीमा जानुपूर्वको तुलनामा बढेको पाइएको छ। त्यस्तै, ९६.१ प्रतिशत परिवारको चाडपर्व, मनोरञ्जन, सामाजिक खर्च समेत बढेको पाइएको छ।

विदेशबाट पठाएको पैसा विभिन्न क्षेत्रमा लगानी भएको स्थिति समीक्षा गर्दा अनुत्पादक क्षेत्रमा नै बढी लगानी भएको देखिन्छ। व्यापार व्यवसायमा लगानी गर्ने ६८.२१ प्रतिशत, घरघडेरीमा लगानी गर्ने ६५.८ प्रतिशत र गरगहना खरिद गर्ने ६३.१९ प्रतिशत रहेको छ। समग्रमा विप्रेषणले अर्थतन्त्रमा खेल्ने भूमिकालाई लिएर केही विवाद छ। यसले कम विकसित देशहरूको विकासमा योगदान गर्दछ भन्ने पक्ष एकतर्फ छ भने अर्कातर्फ जनशक्ति बाहिरिँदा देशको विकासले फड्को मार्न सक्दैन भन्ने पक्ष पनि त्यतिकै छ। नेपालमा विप्रेषणबाट आर्जित आयका कारण दलाल अर्थतन्त्रअर्थात् उत्पादन नै नगरी कमाउने बिचौलिया अर्थतन्त्र फस्टाएको भन्ने गरिन्छ। वैदेशिक रोजगारीबाट प्राप्त भएका धेरैजसो विप्रेषण उपभोगमा मात्र खर्च गर्ने प्रवृत्तिका कारण देशको विकासमा योगदान गर्न सक्दैन भन्ने तर्क बलियो छ। अर्कातर्फ देशको युवा जनशक्ति बाहिरिँदा उत्पादन क्षेत्रमा सङ्कुचन आई उपभोग्य वस्तुहरू समेत बाहिरबाट नै आयात गर्ने अवस्था देखिन्छ। देशभित्र भित्रिएको विप्रेषणले फेरि पनि आयातलाई बढावा दिँदै आएकाले अर्थतन्त्रमा खासै योगदान गर्न सक्दैन भन्ने तर्क पनि छ। तथापि, विप्रेषण नेपाली अर्थतन्त्रको लागि अनिवार्य छ तर यो अर्थतन्त्रको लागि स्थायी स्रोत भने होइन।

सरकारले श्रम आप्रवासीको रेकर्ड राख्न थालेदेखिको विवरण हेर्दा नेपाली कामदार सबैभन्दा बढी जाने गन्तव्य देशहरूमा मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुवेत मुख्य रहेको देखिन्छ। नेपाल भित्रने मानिसहरूको प्रवेश बढ्यो भने जीडीपी बढ्छ; यसको विपरीत यदि जीडीपीमा आकार सानो छ भने जनसङ्ख्याको आगमन पनि घट्छ। त्यसकारण नेपालमा आउने पर्यटक वा वैदेशिक रोजगारीबाट फर्केका मानिस र कुल गार्हस्थ्य उत्पादनबीच एकतर्फी सकारात्मक सम्बन्ध भएको देखिन्छ। विदेशी नेपाल आउँदा उनीहरूले गर्ने खर्चले कूल गार्हस्थ्य उत्पादनलाई बढाउन सहयोग गर्दै आएको छ। वैदेशिक रोजगारीबाट फर्कने नेपालीले पनि विदेशबाट केही पैसा, सीप र काम गर्ने बानी लिएर आउँछन्। त्यसपछि आर्जित रकम आर्थिक गतिविधिहरूमा लगानी गर्छन् र ती गतिविधिहरूबाट अर्थतन्त्रमा प्रभाव गर्दछ। यो नतिजाले विदेशबाट आउनेको सङ्ख्या जति बढी हुन्छ, त्यति नै आर्थिक विकासको सम्भावना पनि बढ्छ भन्ने देखाएको छ। तसर्थ, विद्यमान अवस्थामा नेपाल भित्रने पर्यटक तथा वैदेशिक रोजगारीबाट फर्कने युवा दुवै पक्षले नेपालको अर्थतन्त्रलाई सकारात्मक प्रभाव पार्छ भन्ने देखियो। यदि देशको आर्थिक वृद्धिदर बढी वा घटी हुँदा वैदेशिक रोजगारीमा जाने मानिसमा प्रभाव पार्दछ भन्ने देखिन्छ। देशको जीडीपी बढ्दा देशमा रोजगारीको अवसर सिर्जना हुन्छ र रोजगारीको लागि बाहिरिने जनशक्तिमा कमी आउछ। यसरी देशको कूल गार्हस्थ्य उत्पादनले बिदेशिने मानिसको सङ्ख्या बढाउने वा घटाउने कार्यमा प्रभाव पार्ने गरेको देखाएको छ।

हाल देशबाट दैनिक करिब १५०० को संख्यामा युवाहरू बहिरिरहेको भन्ने गरिन्छ। ती युवाहले पठाएकाे विप्रेषणले कुल गार्हस्थ्य उत्पादन विस्तारका लागि महत्वपूर्ण छ। विप्रेषणले समग्र आर्थिक विकासमा मात्र नभई गरिबी न्यूनीकरणमा समेत महत्वपूर्ण रहेको छ। आर्थिक वर्ष २०६०–६१ मा कूल विप्रेषण प्राप्त रकम ५८.६ अर्ब रुपैयाँ रहेकामा त्यतिबेला नेपालमा गरिबीको रेखामुनिको जनसंख्या ३०.९ प्रतिशत थियो। अर्कातर्फ सोही समयमा ३१.९ प्रतिशत घरपरिवारले विदेशबाट विप्रेषण प्राप्त गरिरहेका थिए। त्यसैगरी आर्थिक वर्ष २०८०–८१ मा कूल विप्रेषण आप्रवाह रु एक हजार १९१ अर्ब छ भने २० प्रतिशत जनता गरिबीको रेखामुनि छन्। विप्रेषण प्राप्त गर्ने घरपरिवारको तुलनामा प्राप्त नगर्ने परिवारहरू गरिबीमा फस्ने सम्भावना २.३ प्रतिशत बढी रहेको देखियो। विप्रेषण आप्रवाहमा १० प्रतिशत वृद्धि हुँदा नेपालमा १.१ प्रतिशतले गरिबी घट्ने गरेको भन्ने कुरा अध्ययनले देखाएको छ। यसरी हेर्दा नेपालको गरिबी घटाउनमा विप्रेषणको महत्वपूर्ण भूमिका रहेको देखिन्छ।

त्यसैगरी विप्रेषण साक्षरता बढाउनमा पनि उपयोगी भएको देखाएको छ। विप्रेषण प्राप्त गर्ने घरपरिवारमा साक्षरता दर उच्च भएको देखाउँछ। आर्थिक वर्ष २०६०÷६१ को तथ्याङ्क हेर्दा विप्रेषण रकम ५८.६ अर्ब रुपैयाँ रहेको देखिन्छ भने साक्षरता दर ५१ प्रतिशत मात्रै रहेको छ भने आर्थिक वर्ष २०८१–८२ मा विप्रेषण बढ्दा साक्षरता दर पनि बढेर ७८ प्रतिशत पुग्यो। यसैगरी विप्रेषणले स्वास्थ्यको पहुँच वृद्धि गरेसँगै पाँच वर्षमुनिका बालबालिकाको मृत्युदर घटाउन मद्दत गरेको पाइयो।

वैदेशिक रोजगारीलाई सुरक्षित बनाउनका लागि नेपाल सरकारले विभिन्न देशहरूसँग श्रम सम्झौता गर्दै पनि आइरहेको छ। जसले गर्दा नेपालहरूको लागि रोजगारीको लागि थप देशहरू खुला हँुदै पनि छ। हाल नेपालीलाई बढी रोजगारी उपलब्ध गराउने पाँच देशहरू मलेसिया, कतार, साउदी अरेबिया, युएई र कुबेत रहेका छन्। यी देशहरूमा समेत कोभिड कारण रोजगारीको अवसर खुम्चिएकामा विस्तारै पुनः बढ्न हुन थालेको छ। वैदेशिक रोजगारी बढ्न थालेको सन्दर्भमा हाम्रा युवाहरूमा उच्च सीप व्यावसायिक तालिम प्रदान गरी थप दक्ष र सीपमूलक बनाउन आवश्यक छ। त्यस दिशामा नेपाल सरकारको ध्यान जानुपर्दछ। अध्ययनले नेपालमा आउने र नेपालबाट बाहिरिने दुवै पक्ष अर्थतन्त्रको लागि महत्वपूर्ण रहेको छ। तर लामो समयसम्म वैदेशिक रोजगारी माथिको निर्भरता हाम्रो लागि दीर्घकालीन हितमा छैन।

वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले नेपालको विद्यमान आर्थिक अवस्थालाई कमजोर हुन नदिन सञ्जिवनीको काम गर्दै आएको छ। देशमा पर्याप्त मात्रामा रोजगारीको सिर्जना हुन नसकिरहेको अवस्थामा वैदेशिक रोजगारी नेपालको हकमा अपरिहार्य भएको छ। देशभित्र नै रोजगारी सिर्जना गर्नु भनेको मजबुत अर्थतन्त्र र विकासको लागि प्रस्थान विन्दु हो। तर रोजगारीको अवसर देशभित्र पर्याप्त मात्रामा नहुँदा वैदेशिक रोजगारी एकमात्र विकल्प बनेको छ। कोभिड महामारीपछि पुनर्बहालीको अवस्था, विश्वव्यापी श्रम बजारमा आएको आमूल परिवर्तन, आर्टिफिसियल इन्टिलिजेन्स (एआई)ले उत्पन्न गरेको चुनौतीलाई समेत मध्यनजर गरी श्रमशक्ति प्रक्षेपण योजना बनाई रोजगारी सिर्जना गर्नुपर्ने अवस्था एकातिर छ भने अर्कातर्फ विदेशबाट प्राप्त विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्नुपर्ने हुन्छ भने वैदेशिक रोजगारीमा जाने श्रमिकको दक्षता अभिवृद्धि गर्दै उच्च आम्दानी हुने स्थान र क्षेत्रमा केन्द्रीत गर्नुपर्दछ। वैदेशिक रोजगारमा जाने व्यक्तिलाई सामाजिक सुरक्षाको दायरामा ल्याउनुपर्छ भने आर्थिक कुटनीति र श्रम कुटनीतिको माध्यमबाट वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित गर्नुपर्दछ। विप्रेषणलाई सही सदुपयोगका लागि वित्त तथा मौद्रिक नीतिका विभिन्न उपकरणको परिचालनद्वारा विप्रेषण औपचारिक माध्यमबाट भित्र्याउनुको साथै त्यसलाई पुँजी निर्माणमा खर्च गर्नुपर्दछ। यसो गर्न सकिएको खण्डमा वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणले देशको अर्थतन्त्रमा सकारात्मक भूमिका खेल्ने देखिन्छ। रासस

# ‘प्राकृतिक स्रोतको उचित परिचालन गरी आर्थिक परिवर्तन ल्याउन सकिन्छ’



**म्याग्दी ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले प्राकृतिक स्रोतको उचित व्यवस्थापन र परिचालन गरेर मुलुकमा आर्थिक परिवर्तन ल्याउन सकिने धारणा राखेका छन ।

म्याग्दी हुँदै मुस्ताङ जाने क्रममा बुधवार बिहान म्याग्दीको अन्नपूर्ण गाउँपालिकास्थित भुरुङ–तातोपानी, रुप्से झरना र अन्धगल्छीको अवलोकनपछि जनप्रतिनिधि र स्थानीयसँग अन्तरक्रिया गर्दै उनले प्राकृतिक स्रोतलाई उचित व्यवस्थापन गरी पर्यटन प्रवद्र्धनको आधार बनाउन सकिने सम्भावना रहेको बताए ।

‘चीन र भारतलाई जोड्ने रणनीतिक महत्त्वको कालीगण्डकी करिडोर सडकको अवस्था, प्राकृतिक स्रोतको सम्भावना र परिचालनका विषयमा छलफल, पूर्वाधार विकासको आवश्यकता तथा जनताका समस्या बुझ्न पोखराबाट सडक मार्ग हुँदै मुस्ताङ जाने निर्णय गरेको हुँ’, उनले भने, ‘म्याग्दीमा रहेका प्राकृतिक तातोपानीका मुहानलाई संरक्षण, प्रवद्र्धन र व्यवस्थित गरेर स्वास्थ्य पर्यटनको विकास गराउन सकिने सम्भावना देखेको छु ।’

कालीगण्डकी र आसपासका नदीहरूमा निर्माण भइरहेका जलविद्युत् आयोजनामा रोजगारीका अवसर सृजना हुनुका साथै हिमाल, झरना र रमणीय दृष्यावलोकनमा पर्यटकको आकर्षण बढाउन प्राकृतिक सम्पदाको पहिचान, प्रवद्र्धन र विकास गर्नुपर्नेमा अध्यक्ष दाहालले जोड दिए । पर्यटन प्रवद्र्धनमार्फत नागरिकको आर्थिक अवस्थामा परिवर्तन ल्याउन सकिने उनको भनाइ छ ।

भुरुङ–तातोपानी कुण्डमा स्नान गरी अध्यक्ष दाहालले अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुन, पूर्वअध्यक्ष डमबहादुर पुन, स्थानीयवासीलगायत नेताकार्यकर्तासँग अन्तरक्रिया गरेका थिए ।

अन्तरक्रियाका क्रममा स्थानीयवासीले बेनी–जोमसोम–कोरला सडकको म्याग्दी खण्डमा पहिरो नियन्त्रण तथा कटान रोकथाम गरेर सुरक्षित रूपमा नियमित यातायात सञ्चालनको व्यवस्था मिलाउन माग गरेका थिए ।

अध्यक्ष दाहालले रणनीतिक महत्त्वको बेनी–जोमसोम–कोरला सडक स्तरोन्नतिलाई पूर्णता दिन, पहिरो तथा नदी कटान रोकथाम गर्न र कोरला नाका व्यापारिक रूपमा सञ्चालनमा ल्याउन सरकारको ध्यानाकर्षण गराउने प्रतिबद्धता जनाए ।

देशका विभिन्न ठाउँमा पुग्दा जनताले सुशासन, समृद्धि र राजनीतिक स्थायित्व चाहेको बताउँदै उनले सबैको सहकार्य र समन्वयमा अहिलेको व्यवस्थालाई सुधार गरेर लैजानुपर्ने धारणा राखे ।

‘राजनीतिक नेतृत्वले जनता केन्द्रित प्रभावकारी काम गर्न नसक्दा जनतामा केही हदसम्म असन्तुष्टि बढ्ने गरेको छ । जनताको असन्तुष्टिलाई आधार मानेर केही तत्व मुलुकलाई पुनः निरङ्कुशतातर्फ फर्काउन खोजिरहेका छन् । यसका विरुद्ध सबै गणतन्त्र पक्ष एकजुट हुनु जरुरी छ’, उनले भने, ‘जनतामा गणतन्त्रको विकल्प सुधारिएको गणतन्त्र हो भन्ने चेतना जागिसकेका देश अहिलेको व्यवस्थाबाट पछाडि फर्कन सक्ने अवस्था छैन ।’ रासस

# उपराष्ट्रपति यादव स्वागत समारोहमा



**काठमाडौँ ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादव रुसको राष्ट्रिय दिवसका अवसरमा मङ्गलबार साँझ आयोजित स्वागत समारोहमा सहभागी भएका छन ।

नेपालका लागि रुसी महासङ्घका राजदूत एलेक्सी ए. नोभीकोभले आयोजना गरेको उक्त समारोहमा शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री रघुजी पन्त, उपसभामुख इन्दिरा राना, सांसद, प्रधानसेनापति अशोकराज सिग्देल, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख तथा पदाधिकारी, पूर्वमन्त्री, नेपाल सरकारका वरिष्ठ अधिकारी एवं सञ्चारकर्मीको उपस्थिति थियो ।

त्यस अवसरमा रुसी साङ्गीतिक टोलीले विविध सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेको थियो । रासस

# लुक पुरानो व्यवस्थामा नफर्कने

**म्याग्दी ।**
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मुलुक पुरानो व्यवस्थामा नफर्कने बताएका छन ।अन्नपूर्ण गाउँपालिका–३ स्थित ज्ञानप्रकाश नमूना माध्यमिक विद्यालयले बुधवार आयोजना गरेको कार्यक्रममा अध्यक्ष दाहालले लामो राजनीतिक सङ्घर्ष र जनताको बलबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाबाट मुलुक पछाडि नफर्कने बताएका हुन । ‘यो व्यवस्थाका कमीकमजोरी सुधार गर्दै अघिबढ्नुपर्छ । राजनीतिक नेतृत्वले जनतामा निराशा नआउने ढङ्गले काम गर्नुपर्छ’, उनले भने । साथै उनले जनताका समस्या बुझ्न आफू उनीहरूका घरदौलोमा पुग्ने गरेको बताए । कालीगण्डकी करिडोर चाँडोभन्दा चाँडो पूरा गर्न आफ्नातर्फबाट हरसम्भव प्रयास हुने अध्यक्ष दाहालले बताए ।रासस

# यथाशीघ्र संसद्को नियमित बैठक बस्नेछः सञ्चारमन्त्री गुरुङ

**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले संसद् सञ्चालनका विषयमा सत्तापक्ष र प्रतिपक्षबीच बृहत् छलफल भइरहेकाले यथाशीघ्र संसद्को नियमित बैठक बस्ने बताएका छन ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बुधवार मन्त्रिपरिषद् बैठकको निर्णय सार्वजनिक गर्न आयोजित पत्रकार सम्मेलनमा सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङले सत्तापक्ष र प्रतिपक्षबीच संसद् सञ्चालनका विषयमा छलफल भइरहेकाले सम्भवत आजभोलिमै सहमति भएर बैठक बस्ने बताए ।

प्रतिपक्षी दलले गृहमन्त्रीको राजीनामा माग गर्नु अर्थहीन रहेको बताउँदै उनले भने, ‘अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कर्मचारीमाथि कारबाही सुरु गरेको छ । भ्रष्टाचारसम्बन्धी विषयमा आयोगले कारबाही सुरु गरिसकेकाले मन्त्रीको राजीनामा मागेर संसद् अवरुद्ध गर्नु उचित हुँदैन । एउटा कर्मचारीले गरेको गल्तीमा मन्त्रीले राजीनामा दिँदै जाने हो भनेदेखि सरकार सञ्चालनमा समस्या उत्पन्न हुन्छ ।’

मन्त्री गुरुङले संसद् सञ्चालनका विषयमा सत्तापक्ष र प्रतिपक्षबीच छलफल भइरहेकाले सम्भवत आजभोलिदेखि नियमित बैठक बस्ने बताए । गृहमन्त्रीले राजीनामा दिने विषयमा संसदीय छानबिन समिति केका लागि र कसरी बनाउने भन्ने विषय महत्त्वपूर्ण रहेको उनले बताए । ‘हाम्रो माग गृहमन्त्रीले आफूमाथि उठिरहेका सबै प्रश्नका बारेमा आफ्नो धारणासहित उत्तर दिन पाउनुपर्छ भन्ने हो । प्रतिपक्षले संसद् बैठक बस्न दिएर सहयोग गर्नुपर्छ’, उनले भने ।रासस

# मन्त्रिपरिषद्का निर्णय सार्वजनिक

**काठमाडौ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले बुधवार पत्रकार सम्मेलनमार्फत मन्त्रिपरिषद्को बैठकले यही जेठ २६ गते गरेको निर्णय सार्वजनिक गरेका छन ।

सरकारले कैलालीको लम्कीचुहा अस्पताललाई १५ श्ययाबाट ५० शय्यामा स्तरोन्नति गरी प्रदेश सरकारले सञ्चालन गर्ने गरी हस्तान्तरण गर्न स्वीकृति प्रदान गर्ने निर्णय गरेको सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले बताए ।

सरकारले २०८२ जेठ ३१ गतेदेखि असार ६ गतेसम्म इजरायलमा आयोजना हुने ‘मुनि वल्ड एक्स्पो–२०२५’ मा राष्ट्रिय योजना आयोगका सदस्य डा जयबहादुर टण्डनलाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको उनले जानकारी दिए ।

आगामी असार १० देखि १२ सम्म चीनको बेइजिङमा आयोजना हुने एसियाली पूर्वाधार लगानी बैंकको बोर्ड अफ गभर्नर्सको वार्षिक बैठकमा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेललाई सहभागी हुन स्वीकृति प्रदान गर्ने निर्णय गरेको छ ।

आगामी असार २ गतेदेखि ६ गतेसम्म ल्हासामा आयोजना हुने नेपाल–चीनको सिजाङ (तिब्बत) व्यापार सहजीकरण समितिको १३ औं बैठकको छलफलको एजेण्डा स्वीकृत गर्ने र उल्लिखित बैठकमा सहभागी हुन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिवको संयोजकत्वमा वार्ता टोली गठन गर्ने मन्त्रिपरिषद्ले निर्णय गरेको मन्त्री गुरुङले जानकारी दिए ।

त्यसैगरी निर्माण व्यवसायसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयक तर्जुमाका लागि सिद्धान्त स्वीकृत गर्ने, नेपाली सेनाका एकजना महासेनानीको सरुवा गर्ने, एकजना सहायक रथीको राजीनामा स्वीकृत गर्ने, चारजना प्रमुख सेनानीहरूको महासेनानी दर्जामा बढुवा गरी पदस्थापन गर्ने र एकजना रथीको वैदेशिक भ्रमण स्वीकृत गर्ने निर्णय भएको पनि उनले बताए ।

मन्त्रिपरिषद्कै निर्णयमा प्राचीन स्मारक संरक्षणसम्बन्धी विधेयक तर्जुमाको लागि सिद्धान्त स्वीकृत गर्ने, शान्तिनगर गाउँपालिका दाङको केन्द्र वडा नं ४ चिराघाटबाट परिवर्तन गरी वडा नं ४ जुम्लेकुला कायम गर्ने, महालक्ष्मी नगरपालिका ललितपुरको केन्द्र वडा नं ४ कमलपोखरीबाट परिवर्तन गरी वडा नं ८ लुभु देवीस्थान कायम गर्ने उल्लेख छ ।

नेपाल स्वास्थ्य सेवाको अधिकृत बाह्रौँ तह, अतिरिक्त स्वास्थ्य सचिव पदमा डा केशरबहादुर ढकाल र डा श्रीकृष्ण श्रेष्ठलाई बढुवा गर्ने र नेपाल गुणस्तर (प्रमाण चिह्न) (तेस्रो संशोधन) नियमावली, २०८२ स्वीकृत गर्ने सरकारको निर्णय रहेको मन्त्री गुरुङले बताए ।रासस

# ‘साझेदारी वन गरिब समुदायलाई फाइदा पुऱ्याउने गरी क्रियाशील हुनुपर्छ’

**ललितपुर ।**
वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले साझेदारी वन अतिविपन्न तथा गरिब समुदायलाई फाइदा पु¥याउने गरी क्रियाशील हुनुपर्नेमा जोड दिएका छन ।

वन तथा भू संरक्षण विभागद्वारा बुधवार ललितपुरमा आयोजित ‘तेस्रो राष्ट्रिय साझेदारी वन गोष्ठी’ मा मन्त्री ठकुरीले साझेदारी वन व्यवस्थापन पद्दतिले प्राकृतिक स्रोत संरक्षण र दिगो वन व्यवस्थापनमा सहयोग पु¥याउने विश्वास व्यक्त गरे ।

‘साझेदारी वन पद्दतिको सफलताका साथसाथै विभिन्न किसिमका चुनौती हामीमाझ छन् । सङ्घीय संरचनाको अभ्यास सँगसँगै केही नीतिगत र कानुनी जटिलता देखिएका छन् । सङ्घीय कानुन र प्रदेश कानुनबीचमा फरकपनले पनि चुनौती थपिएको छ । उपभोक्ता र सरकारबीच बाँडफाँट हुने वन पैदावार तथा राजस्व वितरणका विषयमा आगामी दिनमा एकरुपता कायम गरी अगाडि बढ्नुपर्ने आवश्यकता छ’, मन्त्री ठकुरीले भने । उनले साझेदारी वन पद्दतिलाई उपभोक्ताले वनबाट प्राप्त गर्ने वन पैदावरको हिस्सेदार बनाउनुपर्नेमा जोड दिए । ‘नेपालको ग्रामीण अर्थतन्त्र र समृद्धिको आधार वन हुनुपर्छ । यसको व्यवस्थापन, संरक्षण र उपयोगमा ध्यान दिनुहोस्, सामुदायिक वन र साझेदारी वन एकअर्काका परिपूरक हुन्, सहकार्य र समन्वयका आधारमा अगाडि बढ्नुपर्छ’, उनले भने ।

मन्त्री ठकुरीले भने, ‘साझेदारी वन व्यवस्थापन पद्दतिको विशेषता भनेको तीनै तहका सरकार, वन क्षेत्रभन्दा टाढा रहेका उपभोक्ताको सहभागिता र समावेशी सिद्धान्तका आधारमा वन व्यवस्थापन गर्नु र लाभको बाँडफाँट उचित तवरले हुनु हो ।’

मन्त्री ठकुरीले सङ्घीय र प्रदेश कानुनमा भएका फरकपनलाई हटाएर एकरुपता कायम गर्नुपर्ने बताउँदै नीति तथा कार्यक्रम र बजेटमा आएका विषयलाई प्रभावकारी कार्यान्वयनमा लैजानुपर्नेमा जोड दिए । उनले स्वदेशी काठ खेर जाने विदेशी काठ आयात गर्नुपर्ने अवस्थाको अन्त्य गर्नुपर्नेमा जोड दिँदै वन र वातावरणसँग सम्बन्धित अध्ययन संस्थानलाई अध्ययन अनुसन्धानमा लगाउनुपर्ने बताए ।

वन तथा वातावरण राज्यमन्त्री रुपा विकले सहभागितामूलक रूपमा वन व्यवस्थापन गर्न सकिन्छ भन्ने उदाहरण साझेदारी वन व्यवस्थापन प्रणाली रहेको बताईन । उनले नीतिगत सुधार, संस्थागत क्षमता विस्तार र सरोकार भएका निकायबीच सहकार्यको अभावमा साझेदारी वन व्यवस्थापनमा चुनौती थपिँदै गएको उल्लेख गरिन ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले साझेदारी वन सामुदायिक वनभन्दा फरक रहेका बताउँदै साझेदारी वनले नौ लाख परिवारका ५१ लाख जनसङ्ख्यालाई लाभ पु¥याउन सकेकामा खुसी व्यक्त गरे । उनले सामावेशी र सुशासनको आधारमा वनको संरक्षण, व्यवस्थापन र उपयोगलाई जोड दिनुपर्ने बताए ।

साझेदारी वन महासङ्घका अध्यक्ष रामप्रसाद चौधरीले साझेदारी वनको सही व्यवस्थापन, देशभरको एकरुपता र उपयोग गर्ने नीति सही नहुँदा पर्याप्त लाभ हासिल हुन नसकेको बताए । उनले हरेक तीन वर्षमा हुनुपर्ने साझेदारी वन गोष्ठी आठ वर्षपछि मात्रै भएकामा दुःख व्यक्त गर्दै आगामी दिनमा नियमित रूपमा गोष्ठी गर्ने वातावरण सरोकार भएका सबै निकायबाट हुनुपर्ने माग गरे ।

राष्ट्रपति चुरे तराई मधेस संरक्षण विकास समितिका अध्यक्ष डा किरण पौडेलले साझेदारी वन व्यवस्थापनका माध्यमबाट काठको माग परिपूर्ति हुनुपर्नेमा जोड दिए । उनले तराईका वनमा भएका काठलाई उपयोग गरेर राष्ट्रिय अर्थतन्त्रमा योगदान पु¥याउनुका साथै विदेशी काठको आयातलाई निरुत्साहित गर्न सकिने धारणा राखे ।

त्रिभुवन विश्वविद्यालय वनविज्ञान अध्ययन संस्थानका डिन ठाकुर सिल्वालले अहिलेसम्म भएगरेका सिकाइ र बुझाइले के फाइदा भएको छ ?, कति जनसङ्ख्याले लाभ हासिल गरेका छन ? भन्ने अध्ययन गर्दै उपभोक्ताको अवस्थाको विश्लेषणात्मक तथ्याङ्क गोष्ठीमा आउने विश्वास व्यक्त गरे । उनले वन पैदावरले राष्ट्रियस्तरका कुनकुन उद्योगमा सहयोग पु¥याउन सक्छ र राष्ट्रिय अर्थतन्त्रमा कस्तो योगदान पु¥याउँछ भन्ने विषयमा छलफल केन्द्रित हुने अपेक्षा राखे ।

वन विभागका उपमहानिर्देशक अजितकुमार कर्णले दिगो वन व्यवस्थापनका लागि दीर्घकालीन नीतिगत व्यवस्था गरेर अगाडि बढ्ने उद्देश्यका साथ जैविक विविधताको संरक्षण गर्नेगरी २०५७ सालदेखि अगाडि बढ्दै आएको बताए ।

तराईका १२ वटा जिल्लामा ३३ वटा साझेदारी वन रहेका जनाउँदै उनले वन पैदावर र राजस्वको क्षेत्रमा साझेदारी वनको महत्त्वपूर्ण योगदान रहेको उल्लेख गरे ।

वन तथा भूसंरक्षण विभागअन्तर्गत साझेदारी वन महाशाखा प्रमुख धनञ्जय लामिछानेले साझेदारी वनको विद्यमान अवस्था, हालसम्मका उपलब्धि र चुनौती, सम्भावनालगायत विषयका बारेमा विषयगत छलफल गरी सरोकार भएकाबीच साझा बुझाइ कायम गर्न र भावी कार्यदिशा तय गर्न गोष्ठी महत्त्वपूर्ण हुने विश्वास व्यक्त गरे ।

वन तथा भूसंरक्षण विभागका महानिर्देशक बद्रीराज ढुङ्गेलले विसं २०७१ मा पहिलो र २०७४ सालमा दोस्रो गोष्ठी सम्पन्न भएपछि लामो समयसम्म छलफल र अन्तरक्रिया नहुनु समस्या रहेको भन्दै आगामी दिनमा सहकार्य र समन्वय गरी अगाडि बढ्नुपर्ने बताए ।

साझेदारी वन सङ्घीय सरकार, तत्कालीन जिल्ला वन कार्यालय, स्थानीय निकाय र टाढाका परम्परागत उपभोक्ताको साझेदारीमा करिब दुई दशकदेखि कार्यान्वयनमा रहेको वन व्यवस्थापन प्रणाली हो ।

अहिले प्रदेश सरकारअन्तर्गतको डिभिजन वन कार्यालय, स्थानीय सरकारका पालिका र परम्परागत उपभोक्ताको साझेदारीमा विभिन्न ११ जिल्लाका १२ वटा डिभिजन वन कार्यालयअन्तर्गत ३२ वटा ठूलो क्षेत्रफलका वन, विभिन्न संवद्र्धन प्रणालीसहित व्यवस्थापन हुँदै आएका छन् । यसबाट करिब ८० हजार हेक्टर वन व्यवस्थापन भइरहेको छभने नौ लाख बढी परिवारका ५१ हजारभन्दा बढी जनसङ्ख्या लाभान्वित हुँदै आएका छन् ।

वन ऐन, २०७६ ले वनको विकास र दिगो व्यवस्थापन गरी अर्थतन्त्रमा टेवा पु¥याउने, वनक्षेत्रको नजिक वा टाढा रहेका परम्परागत उपभोक्तालाई वन संरक्षणको कार्यमा सहभागी र व्यवस्था गर्ने, वन पैदावार आपूर्तिको व्यवस्था गर्ने, वनक्षेत्रको उत्पादकत्वमा अभिवृद्धि गर्ने, खाली क्षेत्रको उपयोग गर्ने, जैविक विविधता तथा जलाधार क्षेत्रको संरक्षण र संवद्र्धन गर्ने, उपभोक्ताको जीविकोपार्जनमा सुधार ल्याउने साझेदारी वन व्यवस्थापनका उद्देश्य हुन् ।

नेपालमा सङ्घीयता लागू भई नयाँ वन ऐन कार्यान्वयन भएपछि वन संवद्र्धन तथा डिभिजनल वन अधिकृत राष्ट्रिय गोष्ठीहरू सम्पन्न भइसकेका छन् । रासस

# अदालत र प्रहरीले प्रेस काउन्सिललाई नजरअन्दाज गर्न पाउँदैनः प्रेस चौतारी

**काठमाडौं ।**
नेकपा एमाले निकट प्रेस चौतारी नेपालखबर डटकम र बिजमाण्डु डटकममा प्रकाशित समाचार हटाउन दिएको आदेशलाई पुनरावलोकन माग गरेको छ ।

बुधवार एक विज्ञप्ति जारी गर्दै चौतारीले प्रकाशित समाचार हटाउन काठमाडौं जिल्ला अदालतले जारी गरेको आदेशसहित समाचारकै विषयमा पत्रकार दिलभूषण पाठकमाथि पक्राउ पुर्जी जारी हुनुलाई गम्भीरतापूर्वक लिएको जनाएको छ ।

‘नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रताको प्रत्याभूत गरिएको छ,’ महासचिव हिरामान लामाले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘प्रकाशित वा प्रसारित सामग्रीप्रति असन्तुष्टि वा विवाद उत्पन्न भएको अवस्थामा त्यसको प्रारम्भिक निरूपण र मूल्यांकन गर्ने संवैधानिक तथा कानुनी अधिकार प्रेस काउन्सिल नेपालमा निहित छ,’ उसले स्मरण गराउँदै भनेको छ ।

महासचिव हिरामान लामाले जारी गरेको बिज्ञप्तिमा अगाडी भनिएको छ, ‘संविधानको रक्षा गर्ने जिम्मेवारी सम्मानित अदालतको भन्नेमा हामी प्रष्ट छौं। यसर्थ, प्रेस चौतारी नेपालको दृढ विश्वास छ–सम्मानित अदालतले प्रारम्भिक आदेशको पुनरावलोकन गर्दै संविधान र विधिको मर्मअनुरूप सुधार गर्नेछ।’

साथै, चौतारीले नेपाल प्रहरीको साईबर ब्युरोले पत्रकार पाठकमाथि जारी गरेको पक्राउ पुर्जी तत्काल खारेज गरी प्रेस स्वतन्त्रताप्रति प्रतिबद्धता दर्शाउन समेत अनुरोध गरेको छ।

# अत्यधिक गर्मीले जनजीवन प्रभावित धमाधम विद्यालय बन्द

**इटहरी ।**
कोशी प्रदेशका तराईका जिल्लाहरुमा पछिल्ला दिन अत्यधिक गर्मी बढेपछि जनजीवन प्रभावित बनेको छ । जसका कारण इटहरी लगायत प्रदेशका विभिन्न पालिकाले विद्यालय वन्द गर्ने निर्णय नै गराएका छन् ।

तापक्रम ३९ डिग्री सेल्सियससम्म पुगेपछि बालबालिकाको स्वास्थ्यमा असर पर्ने चिन्तासहित स्थानीय तहहरूले विद्यालय बन्द गर्ने निर्णय लिएका हुन् । विराटनगर महानगरपालिकाले जारी गरेको सूचनामा आज (२८ गते) सहित भोली र पर्सि विद्यालय बन्द गर्न निर्देशन नै दिएको छ ।

यसैगरी इटहरी उपमहानगरपालिकाले समेत आजका लागि दिएको विदा थप गरेर भोली र पर्सिसम्मै कायम गरिरिदिएको छ । प्राप्त जानकारी अनुसार सुनसरीकै इनरुवा नगरपालिका र झापाको कमल गाउँपालिकाका विद्यालय समेत बन्द गर्ने निर्णय भएको हो ।

कोशी प्रदेशका तराईका जिल्लाहरूमा पछिल्ला केही दिनदेखि लगातार गर्मी बढिरहेको छ । मौसममा हावा नचल्ने र आकाश खुलेकै अवस्थामा तापक्रम उच्च हुने क्रम जारी रहेकाले सर्वसाधारणको दैनिकीसमेत प्रभावित भएको देखिन्छ ।

# प्रभावकारी बन्दै 'सिक्दै कमाउँदै' कार्यक्रम



**गण्डकी ।**
यहाँका सामुदायिक विद्यालयमा 'सिक्दै कमाउँदै, कमाउँदै सिक्दै' कार्यक्रम प्रभावकारी बनेका छन । पढाईसँगै जीवनपयोगी सीप सिकाउने लक्ष्यका साथ गण्डकी प्रदेश सरकारले सुरु गरेको कार्यक्रमप्रति पछिल्लो समय विद्यार्थीको आकर्षण बढेको हो ।

विद्यार्थीलाई विज्ञान विषयमा अभिरुचि जगाउँदै भविष्यमा वैज्ञानिक उत्पादन गर्ने कार्यक्रमको लक्ष्य रहेको गण्डकी प्रदेश सामाजिक विकास मन्त्रालय शिक्षा विकास निर्देशनालयका निर्देशक घनश्याम पौडेलले जानकारी दिए ।

उनका अनुसार जेहेन्दार, विपन्न एवम् सीमान्कृत वर्गका विद्यार्थीलाई शिक्षासँगै रोजगारीको अवसर सिर्जना गर्न प्रदेशका ३४ वटा सामुदायिक विद्यालयमा सो कार्यक्रम सञ्चालन गरिएका छन् । 'पठनपाठनसँगै सीप प्रदान गरी आत्मनिर्भर बनाउने कार्यक्रमको मुख्य उद्देश्य हो', उनले भने, 'कार्यक्रमले सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा वृद्धि र आर्थिक स्तरीकरणसमेतमा सहयोग पुग्ने विश्वास छ ।'

उक्त कार्यक्रममा दुई हजार ५०० विद्यार्थीले सहभागिता जनाएका छन् । प्रदेश सरकारको कार्यविधिअनुसार कार्यक्रम सुरुको अवस्थामा प्रत्येक विद्यालयलाई पाँच लाख रुपैयाँ र त्यसपछि प्रतिवर्ष दुई लाख रुपैयाँका दरले आर्थिक सहयोग गरिँदै आएको निर्देशक पौडेलले बताए ।

प्रदेशका ३६ वटा सङ्घीय निर्वाचन क्षेत्रमा एक/एक 'स्टिमल्याब' स्थापना गरी सो कार्यक्रम सञ्चालन गरिएका छन् ।

नवलपुर जिल्लाको देउचुली नगरपालिकास्थित भिमसेन आदर्श माविमा उक्त कार्यक्रम अन्तर्गत विद्यार्थीले नौमती बाजा एवम् मौरीपालन गरी आयआर्जन गरेको मन्त्रालयका उपनिर्देशक ऋषिराम बास्तोलाले जानकारी दिए । कार्यक्रम सञ्चालन भएसँगै सो विद्यालयमा यसवर्ष १५० जना विद्यार्थी नयाँ भर्ना भएको विद्यालयले जनाएको छ ।

बास्तोलाले भने, 'प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयमा सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम सञ्चालन गर्न सहयोग गर्ने, लक्षित समुहका विद्यार्थीको उच्च शिक्षामा पहुँच विस्तार र तह पुरा गर्ने दर बृद्धि गर्न छात्रवृत्ति कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याइएको छ ।'

विद्यालयले विद्यार्थीको सैद्धान्तिक ज्ञानलाई सीपसँग जोड्ने काम गरिरहेका छन् । विद्यार्थीलाई सिकेका ज्ञान प्रयोगमा उतार्न विद्यालय हाताभित्र तरकारीखेती, हस्तकलाका सामग्री उत्पादन, पशुपालनलगायत गर्दै आएका छन् । कक्षा ६ देखि १२ सम्मका विद्यार्थी कार्यक्रममा सहभागी गराइएको छ । रासस

# नेप्से १३ दशमलव ६९ अङ्कले घट्यो

**काठमाडौँ ।**
नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अङ्कको गिरावट देखिएको छ । आज नेप्से परिसूचक १३ दशमलव ६९ अङ्कले घटेर दुई हजार ६६४ दशमलव ४७ को विन्दुमा कायम भएको हो ।

बुधवार तीन सय सात कम्पनीको दुई करोड २० लाख ७५ हजार ७६९ कित्ता शेयर ८१ हजार ७०३ पटक खरिदबिक्री हुँदा रु नौ अर्ब ९० करोड ७० लाख पाँच हजार ५७५ दशमलव शून्य आठको कारोबार भएको छ ।

जलविद्युत् समूह एक दशमलव १३ प्रतिशतले बढेको छभने अरु सबै समूहको उपसूचक घटेका छन् ।

आजको कारोबारमा बुटवल पावर कम्पनी लिमिटेड, प्युअर इनर्जी लिमिटेड र सिनर्जी पावर डेभलपमेन्ट लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको शेयर मूल्य सबैभन्दा बढी पाँच दशमलव ८९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा आज राधी विद्युत् कम्पनी लिमिटेडको सबैभन्दा बढी रु ६१ करोड ५७ लाख १७ हजार १४४ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर सङ्ख्याका आधारमा हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एण्ड डेभलपमेन्ट कम्पनी लिमिटेड प्रमोटरको सबैभन्दा बढी १० लाख ८९ हजार ५४८ कित्ता शेयर खरिदबिक्री भएको छ ।रासस

# विदेशबाट फर्केर ३० रोपनीमा व्यावसायिक अकबरेखेती



**स्याङ्जा ।**
यहाँका एक युवाले व्यावसायिकरुपमा अकबरे खुर्सानीखेती थालेका छन । स्याङ्जाको गल्याङ नगरपालिका–१ चौरका असिम तिवारीले स्वदेश फर्केसँगै विदेशमा सिकेको सीपको सदुपयोग गर्दै व्यावसायिकरुपमा अकबरे खुर्सानीखेती सुरु गरेका हुन ।

दुई वर्ष रसियामा कृषि क्षेत्रमै काम गरेको अनुभव संगाल्नुभएका तिवारी आफ्नै ठाउँमा फर्केर व्यवसाय थाल्ने हुटहुटीसहित स्वदेश फर्किएका हुन। स्वदेश फर्केको २–३ महिनापछि नै उहाँ व्यावसायिकरुपमा अकबरे खुर्सानी लगाउने योजना बनाएर अगाडि बढाएका हुन ।

'स्थानीय बजारसहित देशैभर र अन्तरराष्ट्रिय बजारमा समेत अकबरे खुर्सानीको माग उच्च रहेको पाएँ', उनले भने, 'आफूलाई कृषि क्षेत्रमा भएको अनुभव साथै खुर्सानीको बजारीकरण तथा खपत राम्रो हुने देखेर व्यावसायिक रुपमा अगाडि बढेको हुँ ।'

मातृभूमि कृषि तथा पशुंपक्षी फार्म दर्ता गरेर व्यवसाय थाल्नुभएका तिवारीले ३० रोपनी जमिन भाडामा लिनुभएको छ । उहाँले भाडामा लिएको जमिनको व्यवस्थापन, मलखाद, खनजोत तथा खुर्सानीको नर्सरी आफैँ राखेर जेठको पहिलो साता खुर्सानी रोप्नुभएको हो ।

'जग्गा व्यवस्थापन, जग्गा सम्झौता, आवश्यक यन्त्र उपकरण खरिद, कामदार लगायतको कामका लागि हालसम्म झण्डै २५ लाख रुपैयाँ लगानी भएको छ', उनले भने, 'करिब ३० रोपनी क्षेत्रफलमा झण्डै २५ हजार अकबरे खुर्सानी लगाएको छु ।'

खुर्सानी उत्पादनका लागि यहाँको हावापानी उपयुक्त रहेको उनले बताए । जेठको पहिलो साता लगाइएको खुर्सानीले भदौ, असोजमा उत्पादन दिन्छ ।

एउटा राम्रो बोटबाट एकदेखि तीन किलोसम्म खुर्सानी उत्पादन हुने उनले बताए । तिवारीसँगै अहिले व्यावसायिक अकबरेखेतीमा अन्य दुई जनाले पनि साथ दिनुभएको छ । खुर्सानीखेतीका लागि सुरुदेखि नै नगरपालिकाका कृषि प्राविधिकले प्राविधिक सल्लाह तथा परामर्श दिने र अवलोकन गर्ने कार्य भइरहेको उनले बताए ।

'विदेशमा सिकेको सीपलाई आफ्नै ठाउँमा सदुपयोग गर्दै यहीँ स्थापित हुने लक्ष्य र उद्देश्यसहित गाउँ फर्किएको हुँ', उनले भने, 'यस वर्ष ठूलो मात्रामा अकबरेखेती थालेको र आगामी वर्षदेखि व्यवसाय विस्तार गर्दै बाख्रापालन गर्ने तयारी भइरहेको छ ।'

गाउँघरमा पछिल्लो समय खेतीपाती नगरी जमिन बाँझो राख्ने क्रम बढ्दै गइरहेका बेला बाँझो जमिनको सदुपयोग गर्दै युवाले ठूलो मात्रामा थालेको व्यावसायिक अकबरेखेतीका बारेमा जान्न बुझ्न आसपासका स्थानीय फर्ममा पुग्ने गरेका छन् । रासस

# १० ठूला बैंकको कर्जाको गुणस्तर परिक्षण छिटो गरः आईएमएफ

**काठमाडौं ।**
अन्तराष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले दश ठूला वाणिज्य बैँकहरुको कर्जाको गुणस्तर परीक्षणको काम छिटो अघि बढाउन भनेको छ ।

यो काममा नेपाल राष्ट्र बैंकले पटक–पटक धक्का वेहोरिरहँदा आईएमएफले यो काम तत्काल अगाडि वढाउन जोड दिएको हो । चैत अन्त्यमा निष्क्रिय कर्जा ५ दशमलव २ प्रतिशत पुगी बैंक तथा वित्तीय संस्थाहरुको पुँजीमा नै असर परेको भन्दै आईएमएफले वित्तीय क्षेत्रमा रहेको जोखिम सहज नभएको जनाएको छ ।

यस सन्दर्भमा अन्तरराष्ट्रिय क्रेडिट रेटिङ संस्थाहरुवाट ठूला वाणिज्य बैकहरुको कर्जाको गुणस्तर लेखापरिक्षण गर्ने हालको योजना छिटो कार्यान्वयन गरिहाल्नुपर्ने आईएमएफको धारणा छ ।

नेपालको लागि स्वीकृत गरिएको विस्तारित कर्जा सुविधाको छैठौ समिक्षा बैठकमा नेपाली अधिकारीहरुसँग कर्मचारीतहमा सहमतिमा पुगेपछि बुधवार जारी गरेको प्रेस विज्ञप्तिमा आईएमएफले लेखापरिक्षक छनौट प्रकृया अघि वढाउन नेपाल राष्ट्र बैंकले पुन प्रतिवद्धता जनाएको स्पष्ट पारेको छ ।

हाल निष्कृय कर्जा ५ प्रतिशत नाघेपनि आईएमएफले त्यसलाई पत्याएकने छैन । पटक पटकको आफ्नो प्रतिवेदनमा कर्जा तिर्न कर्जा नै दिने परिपाटीका कारण निष्कृय कर्जा कम देखिएको आकलन आईएमएफले गर्दै आएको छ । त्यसैले अन्तराष्ट्रिय लेखा परिक्षकवाट कर्जाको गुणस्तर जाँच गराउँदा वास्तविकता वाहिर आउने उसको ठहर छ र त्यस अनुसार नेपाललाई विस्तारिक कर्जा कार्याक्रम अन्तरगत ऋण दिन नेपालका ठूला बैकहरुका कर्जाको गुणस्तर परिक्ष्ँण गराउनुपर्ने शर्त उसले राखेको हो ।

तर केही दिन अघि सर्वोच्च अदालतले सो कामको लागि प्राविधिक छनौटमा परेको एक बंगलादेशी कम्पनीलाई अन्तिम छनौट गरी काम अघि वढाउन अन्तरिम आदेशमार्फत रोक लगाएको छ । हालै राष्ट्र बैकले एक मात्र बंगलादेशको हौलादार युनुस एन्ड कम्पनीलाई प्रावधिक रूपमा उत्तीर्ण भएको घोषणा गरेको थियो । तर यस विरुद्ध सर्वोच्च अदालतमा रिट परेपछि अदालतले अन्तरिम आदेश दिई उक्त कम्पनीलाई अन्तिम छनौट गर्न रोक लगाएको हो ।

उक्त कम्पनीले पेश गरेको वित्तीय प्रस्ताव जेठ २५ गते खोलिने राष्ट्र बैंकले तयारी गरिरहँदा सर्वोच्चका आदेश आएको हो ।

राष्ट्र बैंकले दोस्रोपटक खुला गरेको बोलपत्रमा प्रस्ताव पेश गर्ने हौलादार युनुससहित नेपाली परामर्शदाता कम्पनी सुवेदी एन्ड एशोसिएट्सको नेतृत्वमा भारतीय कम्पनी मेहेरा गोयल एन्ड कम्पनी र जेकेएसएस एन्ड एशोसिएट्स, नेपालको बीके अग्रवाल एन्ड कम्पनी सहायक राखी भारतको एसआर बाट्लिबोई एन्ड एशोसिएट्स, श्रीलंकाको डेलोइट पार्टनर्स, भारतको केपीएमजी एस्योरेन्स एन्ड कन्सल्टिङ सर्भिसेस र भारतकै एमएसकेए एन्ड एशोसिएट्स संक्षिप्त सूचीमा परेका थिए ।

यसअघि पहिलोपटक भएको बोलपत्र प्रक्रियामा पनि पाँचओटा प्रस्ताव संक्षिप्त सूचीमा भए पनि केपीएमजी एस्योरेन्स एन्ड कन्सल्टिङ सर्भिसले मात्र आर्थिक प्रस्ताव पेश गरेको थियो । तर, अनुमानित बजेटभन्दा बढी रकमको प्रस्ताव परेपछि राष्ट्र बैंकले प्रक्रिया रद्द गरी दोस्रोपटक प्रस्ताव आह्वान गरेको हो ।

यसैविच, आईएमएफले वचत तथा ऋण सहकारी संस्थाहरुको अवस्था सुधार गर्न समयमै उचित निर्णय लिनुपर्ने भनाई पनि आइएमएफको छ । उनीहरुके वित्तीय स्वास्थ्य चुनौतिपूर्ण रहेको आईएमएफको ठहर छ ।

वित्तीय क्षेत्रमा जोखिम रहिरहेपनि नेपालमा आर्थिक कृयाकलापमा पुनउत्थान हुँदै गरेको उसले जनाएके छ । जलविद्युतको उत्पादन निरन्तर वढ्दै जानु, निर्माण र म्यानुफ्याक्चरिङ्ग क्षेत्रमा सुधार हुनु र राम्रो कृषि उत्पादन हुनुले अर्थतन्त्र पुनर्उत्थानको दिशामा गएको आईएमएफको ठहर छ ।

चालु आर्थिक् वर्षमा ४ प्रतिशतको आर्थिक वृद्धि हुने अनुमान लगाउँदै आगामी आर्थिक वर्षमा यसमा थप सुधार हुने यसको अपेक्षा छ ।

तर पुँजीगत खर्च हुन नसक्ने, वित्तीय क्षेत्रको जोखिम, वढ्दो ब्यापार सम्वन्धी तनाव र संभाब्य नीतिगत अस्थिरताले भने आर्थिक वृद्धिमा नकरात्मक असर गर्नसक्ने आईएमएफले जनाएको छ ।

# अमेरिकाको १२ राज्यमा फैलियो प्रदर्शन २ को मृत्यु, ११ सय बढी पक्राउ

**काठमाडौं ।**
अमेरिकाको लस एन्जलसमा ५ दिनदेखि जारी विरोध प्रदर्शनका कारण साँझ ६ बजेपछि कफ्र्यु घोषणा गरिएको छ ।

लस एन्जलसका मेयर करेन बासले आपतकाल घोषणा गरेका छन् ।

उही समयमा, लस एन्जलसको डाउनटाउनका केही भागहरूमा मंगलबार बेलुका ८ बजेदेखि बुधबार (स्थानीय समय) बिहान ६ बजेसम्म कफ्र्यू लगाइएको थियो । सोमबारसम्म यो प्रदर्शन अमेरिकाका १२ राज्यका २५ सहरमा फैलिएको थियो ।

अमेरिकाका सान फ्रान्सिस्को, डलास, अस्टिन, टेक्सास र न्यूयोर्कजस्ता सहरहरूमा शान्तिपूर्ण प्रदर्शनहरू भएका छन् । स्थिति नियन्त्रण गर्न ट्रम्पले मंगलबार ७०० मरीन कमाण्डोसहित ४ हजार नेशनल गार्डलाई लस एन्जलसमा पठाएका थिए। सोमबार–मंगलबार लस एन्जलस प्रहरीले ११०० भन्दा बढी प्रदर्शनकारीलाई गिरफ्तार गरेको छ ।

अमेरिकाको लस एन्जलसमा हिंसा रोकिएको देखिन्छ । ट्रम्पले लस एन्जलसमा हिंसा जारी रह्यो भने उनले सहरभर विद्रोह कानून लागू गर्न सक्ने चेतावनी दिएका छन् । यो कानूनले हिंसा रोक्न सरकारलाई सैन्य बल प्रयोग गर्न अनुमति दिन्छ ।

ट्रम्पले भने, 'विगत २ दिनदेखि स्थिति नाजुक बन्दै गएको छ, विद्रोह भयो भने अवश्य विद्रोह कानून लागू गर्छु ।'

यसैबीच, अमेरिकी राष्ट्रपतिले वासिङ्टन डिसीमा जुन १४ मा हुने आर्मी परेडका क्रममा प्रदर्शन गर्ने चेतावनी समेत दिएका छन् । यदि कसैले विरोध गरे सेनाको सामना गर्नुपर्ने बताए । जुन १४ अमेरिकी सेनाको २५० औं वार्षिकोत्सव र ट्रम्पको ७९ औं जन्मदिन पनि हो ।

यस हिंसामा हालसम्म दुई जनाको मृत्यु भइसकेको छ । अवैध आप्रवासीहरूलाई निष्कासन गर्ने निर्णयको विरोधमा यी हिंसात्मक प्रदर्शनहरू भइरहेका छन् ।

नेशनल गार्ड र मरीन पठाउने ट्रम्पको आलोचना गर्दै लस एन्जलसका मेयर बासले भने, 'अहिले हामी अन्धकारमा छौं । कहिले के हुने हो हामीलाई थाहा छैन। हामीसँग यो अवस्थाको सामना गर्ने क्षमता छ र हामीलाई सेना वा राष्ट्रिय गार्डको आवश्यकता पर्दैन, विशेष गरी हामीले यसको लागि सोधेका थिएनौं। राष्ट्रपतिले गभर्नरबाट शक्ति खोसेको छ, यो अस्वीकार्य छ ।'

यसै क्रममा ट्रम्पले क्यालिफोर्नियाका गभर्नर गेभिन न्यूजमलाई पक्राउ गर्ने कुरा गरेका थिए । ट्रम्पले भने, 'न्यूजमले धेरै नराम्रो काम गरेको छ। उसको सबैभन्दा ठूलो अपराध यो हो कि उनी फेरि गभर्नर बन्न चाहन्छन् ।' उनले आफूलाई न्यूजम मनपर्ने तर काममा कमजोर देखिएको पनि बताए ।एजेन्सी

# बंगलादेशमा रबिन्द्रनाथ टैंगोरको निवासमा तोडफोड

**ढाका ।**
कट्टरपन्थीहरूको भीडले बंगलादेशको सिराजगञ्जमा रहेको महान कबि रवीन्द्रनाथ टैगोरको पुख्र्यौली निवासमा आक्रमण गरेका छन ।

कचहरी घर भनेर चिनिने कबि टैगोरको पुख्र्यौंली घरमा भारी तोडफोड गरिएको हो, जो अहिले संग्रालयको रूपमा राखिएको छ ।

जमात ए इस्लामी र हिफाजत ए इस्लामका कट्टरपन्थीहरूको भीडले ट्यागोरविरुद्ध नारासमेत लगाएको बंगलादेशका स्थानिय मिडियाहरूले जनाएका छन् । सो खबर पाएलगत्तै शहजादपुर थानाको प्रहरी घटनास्थलमा पुगे पनि अभियुक्तमाथि कुनै कारबाही नभएको जनाइएको छ ।

यस विषयमा अहिले अनुसन्धान भइरहेको प्रहरी चौकी इन्चार्ज अस्लम अलीले बताए ।एफआइआर अहिलेसम्म दर्ता भने भएको छैन। लामो कोलाहलपछि प्रहरी फर्किए पनि साँझसम्म कट्टरपन्थीहरू घटनास्थलमा जम्मा रहिरहेका थिए ।

राजधानी ढाकाबाट करिब १२५ किलोमिटरको दुरीमा रहेको गुरुदेव टैगोर पैतृक गृहलाई संग्रहालयको दर्जा दिइएको छ । गुरुदेव रवीन्द्रनाथ टैगोरका मामा द्वारकानाथ टैगोरले १८४० मा यो दरबार घर बनाएका थिए ।

स्रोतका अनुसार कट्टरपन्थीहरूले मंगलबार संग्रहालयका निर्देशक सिराजुल इस्लामले एक व्यक्तिलाई बन्धक बनाएर कुटपिट गरेको आरोप लगाएका छन् । जबकि इस्लामले यस्तो कुनै पनि घटनालाई अस्वीकार गरेका छन। स्थानिय प्रहरीले अनुसन्धानका क्रममा पनि संग्रहालयमा कोही बन्धक भेटिएको थिएन । तर, केही बेरमै उत्तेजित कट्टरपन्थीहरुको भीड घटनास्थलमा जम्मा भएका थिए कट्टरपन्थीले दुई–तीन दिनदेखि सो संग्रालय भवनमा तोडफोड गर्ने षड्यन्त्र रचेको बताइएको छ ।



त्यसैले, घटनास्थलमा भीड जम्मा भयो । म्युजियम नजिकै पसल चलाउने एक पसलले नाम न छाप्ने सर्तमा कट्टरपन्थीहरुले आक्रमणको योजना बनाएको बताए ।

आक्रमणकारीमा स्थानीय बासिन्दाहरू भने समावेश थिएनन्। यो ट्यागोरको संग्रहालय भएकोले यहाँ ठूलो संख्यामा पर्यटक आउने गर्दछन्। यसले नजिकका पसलवालाहरूलाई राम्रो आम्दानी दिने गरेको छ । सो आक्रमण अघि कट्टरपन्थीले यहाँ ¬याली पनि निकालेका थिए ।एजेन्सी

# ठूला दलले प्रतिपक्षलाई पनि विश्वासमा लिएर काम गर्नुपर्छः विक्रम पाण्डे

**काठमाडौँ ।**
चितवन निर्वाचन क्षेत्र नं ३ बाट प्रतिनिधिसभामा निर्वाचित राष्ट्रिय प्रजातन्त्र पार्टीका वरिष्ठ उपाध्यक्ष विक्रम पाण्डे सार्वजनिक लेखा समिति सदस्य हुन । सांसद पाण्डे यसअघि २०७० सालको संविधानसभा सदस्य निर्वाचनमा तत्कालीन चितवन–५ बाट विजयी भएका हुन ।

*सांसद पाण्डेसँग राससका समाचारदाता सुशील दर्नालले संसदीय अभ्यास, संविधान कार्यान्वयन र संशोधन, सङ्घीय संरचना, युवा पलायन, देशको आर्थिक विकास र सुशासनलगायत समसामयिक विषयमा लिएका अन्तर्वार्ताको सम्पादित अंश:*



**प्रतिनिधिसभाको अहिलेसम्मको अनुभव कस्तो रह्यो ?**
प्रतिनिधिसभाको गतिविधि मलाई चित्त बुझिरहेको छैन । सङ्घीय सदनका लागि राज्यको ठूलो लगानी भएको छ । तर, त्यसबाट जनताले कुनै प्रतिफल पाएका छैनन् । कुनै एउटा पार्टीले सदनमा एउटा मुद्दा उठायो भने महिनौँसम्म सदन अवरुद्ध हुन्छ । संसद्मा सदस्यले बोलेका जनताका कुनै पनि सवाल कार्यान्वयन भएको अहिलेसम्म सुनिएको छैन । त्यसकारण पनि संसद्मा कम बोल्ने मै पर्छु । किनभने कार्यान्वयन नै हुँदैन भने बोलेरमात्र अर्थ छैन ।

**संविधान कार्यान्वयनको अवस्थालाई कसरी विश्लेषण गर्नुभएको छ ?**
एउटै प्रकृतिको घटनामा एउटा मन्त्री जेल जानुपर्ने अर्को मन्त्री जानु नपर्ने ? यस्तै प्रकृतिका अन्य धेरै घटना छन् ।

यी घटना हेर्दा देशको संविधान, ऐन÷कानुन कार्यान्वयन भएको भन्ने कि नभएको भन्ने । जनताको पक्षमा ऐन, कानुन निर्माण भएजस्तो पनि लाग्दैन । राजनीतिक दलको आवश्यकताका आधारमा कानुन निर्माण भइरहेको जस्तो लागेको छ ।

**संविधान संशोधनको विषयमा तपाईँको धारणा के छ ?**
संविधान संशोधन कुनै एउटा विषयमा गरेर हुँदैन । धेरै विषयमा गर्नुपर्ने छ । सङ्घीयता महँगो भो । सङ्घ र स्थानीय सरकारले सही ढङ्गबाट काम गर्यो भने हुन्छ । प्रदेश सरकारको बारेमा विचार गरेर अगाडि बढ्नुपर्छ । मेरो विचारमा, आर्थिक, सामाजिक र भौगोलिकलगायत कुनै पनि दृष्टिकोणबाट देशले प्रदेश सरकारको बोझ बोक्न सक्दैन । स्थानीय सरकारलाई अझै बलियो बनाउनुपर्छ । सङ्घीय सरकारले पनि राष्ट्र, राष्ट्रियता, सुशासन र जनताको पक्षमा काम गर्नुपर्छ । राज्यका संरचना धेरै हुँदैमा सबैले काम गरेका हुन्छन् भन्ने होइन । राज्यको राजनीतिक संरचना सानो र छरितो बनाउँदा पनि धेरै काम गर्न सकिन्छ ।

**युवा पलायनबारे के भन्नुहुन्छ ?**
देशभित्रै युवालाई काम गर्ने वातावरण छैन । उच्च तहका व्यापारीले देशमा जे गर्दा पनि हुन्छ, तर मध्यम किसिमका वा सानासाना उद्यम गर्नेहरूका निम्ति धेरै कानुनी झन्झट छन् । राजनीतिक समस्या पनि धेरै छ । कुनै एउटा युवाले सानो उद्योग गरेर बसेको हुन्छ, तर उसले त्यही सानो उद्योग सञ्चालन गरेबापत राजनीतिक दललाई पाल्नुपर्ने अवस्था छ । अर्को कुरा, साना उद्यम गर्ने व्यक्तिका निम्ति कर झन्झटिलो छ । यी विभिन्न कारणले गर्दा देशका सबैजसो उद्योगधन्दा बन्द भएका छन् । कतिपय बन्द हुने अवस्थामा छन् । काठमाडौँलगायत देशका विभिन्न जिल्लामा ४० प्रतिशतभन्दा बढी सटर बन्द छन् । सरकारले घुमाइफिराइ ट्याक्स (कर) मात्र उठाउने काम गरेको छ । एउटा उपभोक्ताले एउटा सामान खरिद गर्दा १० किसिमका ट्याक्स तिर्नुपर्छ ।

**नेपाली कांग्रेस, नेकपा (एमाले) र माओवादी केन्द्रलगायत दलहरूलाई के भन्न चाहनुहुन्छ ?**
ठूला दलले अब देशका लागि काम गर्नुपर्छ । हिजोका दिनमा पार्टी वा कार्यकर्ताका लागि काम गर्नुभएको होला, तर अब एकपटक देश र जनताका निमित्त काम गर्छु भनेर प्रतिबद्ध भएर काम गर्नुपर्छ ।

साठी–सत्तरी वर्ष उमेर पुगेका नेताहरूले अब बाँकी जीवन देशका लागि खर्च गर्छु भनेर लाग्न सकेको खण्डमा देश बन्न समय लाग्दैन । उहाँहरूले म राम्रो मान्छे थिएँ भनेर कामद्वारा प्रमाणित गर्नुपर्छ । त्यसपछि देशको विकास भयो र जनताले रोजगारी पाए भने विदेश गएका युवा पनि स्वदेश फर्केर काम गर्ने अवसर हुन्थ्यो । तर मलाई लाग्छ, उहाँहरू त्यो गर्ने पक्षमा हुनुहुन्न ।

**देशको व्यवस्था र जनताको अवस्थालाई कसरी हेर्नुभएको छ ?**
अमेरिका र जापानको जस्तो व्यवस्था हाम्रो देशमा लगाएर हुँदैन । हाम्रो धर्म, संस्कृति, जाति, वेशभूषा, नेपालीपन र भौगोलिक बनावटअनुसारको व्यवस्था हुनुपर्छ । राप्रपाले देशमा जनताको एउटा अभिभावकको कुरा उठाउँदै आएको छ । हामीले नेपाललाई एकीकरण गर्ने व्यक्तिलाई घृणाको देष्टिकोणले हेर्ने गरिन्छ । जुन देशको इतिहास, धर्म संस्कृति मेटिन्छ त्यो देशको विकास हुन सक्दैन । अग्रगमनका नाममा देशलाई क्षति पुर्याउने काम भएको छ ।

**देशको विकासका निम्ति के गर्नुपर्छ ?**
अब हामी आन्तरिक झैझगडा छाडेर देश बनाउन लाग्नुपर्छ । विदेशिएका युवालाई देशमै फर्काउनुपर्छ । विश्वको सबैभन्दा सुन्दर देश नेपाललाई विकसित देशका रूपमा विकासको गति तीव्र बनाउनुपर्छ । हाम्रो देशलाई स्वीटजरल्याण्ड र सिङ्गापुरजस्तो होइन, नेपाल–नेपालजस्तै हुनुपर्छ । तर विकास हुनुपर्छ । विश्वको फरक देश बनाउनुपर्छ । सबै कुरामा सम्पन्न बनाउनुपर्छ । विकासका सवालमा हामीले अरु देशको होइन, हाम्रो देशको नक्कल अरुले गर्ने बनाउनुपर्छ ।

**देशलाई कसरी आर्थिक रूपमा आत्मनिर्भर बनाउन सकिन्छ ?**
हामीसँग अथाह प्राकृतिक स्रोतसाधन छ । त्यसलाई राष्ट्र र जनताका निम्ति प्रयोग गर्नुपर्छ । अरवियन देशहरू तेल बेचेर धनी भएको हो भनिन्छ । तर धनी हुनका लागि हामीसँग त्योभन्दा बढी स्रोतसाधन छ । तर, त्यसको सही सदुपयोग हुनसकेको छैन ।

हामीले कृषिमा राम्रो गर्न सकियो भने हाम्रो उत्पादन डलरमा बिक्री हुन्छ । हाम्रो देशमा अग्र्यानिक खेती गर्न सकिन्छ । नेपालमा धेरै चिज पाइन्छ जुन अरु देशमा पाइँदैन । तर हामीले उत्पादन गर्न सक्ने वस्तु पनि अरु देशबाट आयात गरिरहेका छौँ । खेतबारी सबै बाँझो छ । गाउँमा कोही मर्यो भने मलामी छैनन् । हाम्रा युवाले अरुको देश बनाइदिएका छन् । तर, हाम्रो देशको अवस्था दयनीय छ ।

**अपेक्षाअनुरुप देश विकास नहुनुको कारण के हो ?**
नेपाल विकास हुन नसक्नुको मुख्य कारण भ्रष्टाचार हो । जुन दिन भ्रष्टाचारको अन्त्य हुन्छ, त्यस दिनदेखि देशको विकासले गति लिन्छ भन्ने मेरो विश्वास छ । जुन पार्टीको सरकार भए पनि आवश्यकताका आधारमा योजना बनाएर काम गर्नुपर्यो । अर्को, अनावश्यक खर्च कटौती गर्नुपर्यो । अनावश्यक संरचना र व्यक्तिलाई हटाउनुपर्छ । मन्त्रीले कर्मचारीलाई काम लगाउन सक्नुपर्छ । मन्त्रीले यति दिनभित्रमा यो काम सम्पन्न गर भनेर लक्ष्य निर्धारण गरिदिनुपर्यो ।

**सुशासन कायम के गर्न सकिन्छ ?**
अहिले कांग्रेस र नेकपा (एमाले)को सरकार छ । सरकारले सबैभन्दा पहिला भ्रष्टाचार नै अन्त्य गर्नुपर्छ । भ्रष्टाचार शून्यमा ल्याउनुपर्छ । भ्रष्टाचार एक ठाउँमा मात्र रोकेर हुँदैन । वडा कार्यालयदेखि सङ्घीय मन्त्रालयमा भ्रष्टाचार शून्य हुनुपर्छ । सरकारले प्रतिपक्षलगायत सबै राजनीतिक दललाई साथमा लिएर काम गर्न सक्नुपर्छ ।

**चुनावमा जनतालाई दिएका आश्वासन कति पूरा गर्नुभयो ?**
निर्वाचनको समयमा मैले जनतालाई अनावश्यक आश्वसन दिएको छैन । किनभने चुनावमा गर्नै नसक्ने कुरा बोलेर सांसद भएपछि अवस्था धेरै नाजुक भएको पनि देखेको छु । आफूले राखेका प्रतिबद्धता पूरा गर्न नसक्दा जनताका अगाडि जान नसकेको पनि देखेको छु ।

मैले जनतालाई तपाईँको दुःखसुखमा साथ दिन्छु भनेको थिएँ, जुन दिइरहेको छु । मैले जनतालाई पूरा नहुने सपना देखाएको छैन र देखाउनु पनि हुँदैन । जनतालाई आश्वासन दिएर मात्र हुँदैन । देशको ढुकुटी पनि हेर्नुपर्छ । देश कसरी चलिरहेको छ, त्यो पनि बुझ्नुपर्छ ।

**अन्त्यमा, आमजनतालाई के भन्न चाहनुहुन्छ ?**
देश बनाउने कुरा सरकारले मात्र चाहेर हुँदैन । त्यसैले देश निर्माणमा लाग्न जनतासँग आग्रह गर्न चाहन्छु । देश बनाउन जसले जहाँबाट जे गर्न सक्छ, त्यही गर्ने हो । अर्को कुरा जनताले पनि कसैको पक्ष वा विपक्षमा काम गर्नेभन्दा पनि राष्ट्रका निम्ति काम गर्नुपर्छ । राम्रो नेतालाई मात्र भोट हाल्नुहोस् भन्न चाहन्छु ।

तपाईँको भोट तपाईं, तपाईँका सन्तान र देशका लागि हो । कुनै पार्टी, घरको मुलीको वा गाउँको मुखियाले भनेका आधारमा भोट हाल्ने होइन, जनता र राष्ट्रको पक्षमा जसले काम गरेको छ उसैलाई सोचविचार गरेर मात्र मतदान गर्नुहोस् ।रासस

# ‘चक्रपथ स्तरोन्नतिपछि चिटिक्क देखियो बेनीबजार’

**म्याग्दी ।**
कालीगण्डकी र म्याग्दी नदीको सङ्गमस्थलमा रहेको म्याग्दीको सदरमुकाम बेनीमा चक्रपथ (रिङरोड) स्तरोन्नतिको काम पूरा भएपछि बजार सुरक्षित हुनुका साथ सुन्दर देखिएको छ । नदी कटानबाट सुरक्षित राख्न निर्माण गरिएको तटबन्धमाथि ‘आरसिसी’ ढलान गरी चक्रपथ बनाएपछि नदी तटमा रहेको बेनीबजार सुरक्षित हुनुका साथ चिटिक्क देखिएको छ ।



नेपाल सरकारको देशभर १० वटा नमूना नगरपालिका बनाउने कार्यक्रमअन्तर्गत तीन करोड १९ लाख रुपैयाँ को लगानीमा बेनीबजारस्थित चक्रपथ स्तरोन्नतिको काम पूरा भएको बेनी नगरपालिकाका प्रमुख सुरत केसीले जानकारी दिए ।

बेनी नगरपालिका–८, कालीपुलदेखि दोभान हुँदै खुलामञ्चको पश्चिमतर्फ बहुउद्देश्यीय मैदान छेउसम्म करिब ९०० मिटर लम्बाइ र पाँचदेखि छ मिटर चौडाइको सडकमा नालीसमेत निर्माण गरिएको छ ।

यसरी बेनी बजारको बाहिरी क्षेत्र कालीगण्डकी र म्याग्दी नदीको किनारैकिनार चक्रपथ बनेपछि सवारीसाधन आवागमनमा सहज भएको र बजार क्षेत्रको भित्री भागमा सवारीसाधनको चाप घटी दुर्घटनाको जोखिम पनि कम भएको नगरप्रमुख केसीले स्पष्ट गरे ।

बाढीको उच्च जोखिमयुक्त जिल्ला सदरमुकाम बेनीबजार संरक्षणका लागि ‘आरसिसी’ तथा ‘मेसिनरी’ तटबन्ध निर्माणको कामले निरन्तरता पाइरहेको छ । विसं २०७३ मा कालीगण्डकी नदी किनारमा पक्की र म्याग्दी नदी किनारमा मेसिनरी पर्खाल लगाउने गरी जल उत्पन्न प्रकोप नियन्त्रण सव–डिभिजन कार्यालय बागलुङले बेनी बजार संरक्षण आयोजना सुरु गरेको थियो ।

विसं २०७२ मा कालीगण्डकी किनारमा रु एक करोड ८८ लाखको लागतमा १२४ दशमलव पाँच मिटर र २०७० सालमा ६३ मिटर पक्की पर्खाल निर्माण गरिएको थियो । यसैबीच सिँचाइ मन्त्रालयले बेनीबजार संरक्षण कार्यक्रमको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) स्वीकृत गरेको थियो ।

कालीगण्डकी र म्याग्दीको सङ्गमस्थलमा रहेको बेनीबजार १७ औँ शताब्दीमा बस्ती विस्तार भएको एक ऐतिहासिक एवं रमणीय बस्ती हो । इतिहासकार चन्द्रप्रकाश बानियाँका अनुसार १६३१ सालमा पर्वत राज्यको विखण्डन भएपछि पर्वत सातौँ राजा मलेबम मल्लले पर्वत राज्यको राजधानी बेनीमा सारेपछि व्यावसायिक यात्राको सुरुआत र बस्ती विस्तार भएको हो ।

अन्नपूर्ण सर्किटअन्तर्गत प्रमुख पर्यटकीय आकर्षण र बासस्थान बनेको बेनी बजार राजधानी काठमाडौँदेखि करिब ३०० किलोमिटर पश्चिममा अवस्थित छ । सदरमुकाम बेनी र आसपासका क्षेत्रबाट अन्नपूर्ण, धौलागिरि, नीलगिरि, चुरैन, मानापाथी र गुर्जासहित एक दर्जनभन्दा बढी हिमशृङ्खला देख्न सकिन्छ । रासस

# बन्दीपुर अस्पतालमा पखाला र ज्वरोका बिरामी बढे

**तनहुँ ।**
यहाँको बन्दीपुर अस्पतालमा पखाला, ज्वरो, टाइफाइड, डेङ्गु र रुघाखोकीलगायतका मौसमी बिरामीको सङ्ख्या वृद्धि हुन थालेको छ । १५ शय्या क्षमताको सो अस्पताल केही दिन देखि बिरामीले भरिभराउ हुन थालेको छ ।

हाल अस्पतालमा दैनिक १०० बढी बिरामी उपचारका लागि आउने गरेको अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा अनिल गिरीले जानकारी दिए । उनले भने, ‘यसअघि दिनमा ३५/४० बिरामी आउने गरेका थिए । अस्पतालबाट प्रभावकारी सेवा पाउन थालेपछि बिरामीको चाप बढ्दै गएको छ ।

’बिरामीको सङ्ख्या दैनिक बढ्दो देखिएपछि पानीको स्रोतमा ‘कोलिफर्म’ परीक्षण गर्न थालिएको छ । ‘अस्पतालमा चौबिसै घण्टा सेवा दिन आएको छौँ,” उनले भने, ‘वैशाख १ गतेदेखि बिहान ७ बजेदेखि बेलुका ८ बजेसम्म ओपिडी सेवा दिइएको छ ।’ उपचारमा आउने बिरामीलाई टिकट निःशुल्क गरिएको छ । बन्दीपुर गाउँपालिकाका साथै छिमेकी पालिका व्यासनगर, आँबुखैरेनी र गोरखा पालुङ्गटारबाट समेत यहाँ बिरामी उपचारका लागि आउने गरेका छन् ।

स्वास्थ्य बिमा कार्ड र अस्पतालको टिकट कार्ड देखाएमा बन्दीपुर केवलकारले रु. २०० मा आवतजावत गर्ने सुविधा दिएपछि गोरखा पालुङ्गटारबाट आउने बिरामी सङ्ख्या बढ्न थालेका छन् ।रासस

# ‘नागरिकलाई स्वच्छ र पर्याप्त खानेपानी पुऱ्याउने लक्ष्य छ’

**मोरङ ।**
खानेपानीमन्त्री प्रदीप यादवले स्वच्छ, सुरक्षित र पर्याप्त खानेपानी जनताका घरघरमा उपलब्ध गराउने सरकारको लक्ष्य रहेको बताएका छन ।

नेपाल खानेपानी संस्थान विराटनगर शाखाद्वारा बुधवार विराटनगर–१४ स्थित जतुवा खानेपानी तथा सरसफाइ आयोजनाको स्वामित्व खानेपानी संस्थान विराटनगरलाई हस्तान्तरण कार्यक्रममा उनले सरकारले नागरिकलाई स्वच्छ खानेपानी पु¥याउने यस कार्यलाई सरकारले राष्ट्रिय प्राथमिकतामा राखेको स्पष्ट पारे । स्वच्छ खानेपानी जनतालाई उपलब्ध गराउन ‘एक घर, एक धारा’ योजना प्रभावकारी कार्यान्वयन गरिने उनले बताए ।

मन्त्री यादवले सङ्घीय सरकारले आगामी आर्थिक वर्षमा कोशी प्रदेशमा पर्ने तराईका जिल्लामा स्वच्छ खानेपानी उपलब्ध गराउन सञ्चालनमा नरहेका ४० वटा ‘ओभरहेड ट्याङ्की’ सञ्चालनमा ल्याउन आगामी असार १६ गते ठेक्काका लागि विज्ञापन गर्ने प्रतिबद्धता व्यक्त गरे । उनले आगामी पुस मसान्तसम्म ३७ प्रतिशत जनतालाई स्वच्छ खानेपानी पु-याउने र सतप्रतिशत आधारभूत पानी पु¥याउने लक्ष्यका साथ कार्य गरिरहेको जानकारी दिए ।कोशी प्रदेशका खानेपानी, सिँचाइ तथा ऊर्जामन्त्री एकराज कार्कीले सङ्घीय सरकारले तराई क्षेत्रमा रहेका अधुरा आयोजना सञ्चालनमा ल्याउन सहयोगको आग्रह गरे ।

खानेपानीको अभावमा पहाडका जनताले बसाइँसराइ गर्ने गरेका भन्दै सोको अन्त्यका लागि सरकारको विशेष पहल गर्नुपर्नेमा जोड दिए ।

कोशी प्रदेशसभाका सांसदद्वय अमृत अर्याल, गीता रानी महतो, प्रदेशका पूर्वमन्त्री जयराम यादव, जतुवा खानेपानीका उपभोक्ता समितिका पूर्वअध्यक्ष वीरेन्द्र यादव, लक्ष्मीनारायण मन्दिरका हरिप्रसाद यादव र वडा नं १४ का वडाध्यक्ष सूर्यनारायण महतोले समावेशी रूपमा हिमाल, तराई पहाडमा विकास हुनु जरुरी रहेको धारणा राखे ।

नेपाल खानेपानी संस्थान सञ्चालक समितिका अध्यक्ष डा ढुण्डिराज भट्टराई, महाप्रबन्धक इञ्जिनियर अर्जुनबाबु ढकालले नागरिकलाई न्यून शुल्कमा स्वच्छ खानेपानी उपलब्ध गराउन संस्थान प्रतिबद्धता रहेको बताए ।

विराटनगर–१४ स्थित उक्त खानेपानीले दैनिक १७ लाख लिटर पानी छ हजार नागरिकलाई उपलब्ध गराउने छ । विसं २०६५ मा साढे आठ कट्ठा जग्गामा निर्माण गरिएको ओभरहेड ट्याङ्की सम्पन्न भएर सञ्चालनमा आउन सकेको थिएन ।

उक्त ट्याङ्कीबाट विराटनगरका वडा नं ८, १४, १०, १३ का बासिन्दालाई प्रतिव्यक्ति दैनिक एक सय २५ लिटरका दरले स्वच्छ खानेपानी उपलब्ध गराउन सकिने संस्थानका विराटनगर कार्यालयमा प्रमुख सन्तोष रौनियारले जानकारी दिए ।रासस

# जनकपुरधाममा साताव्यापी ट्राफिक जनचेतना सप्ताह सम्पन्न



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
गृह, सञ्चार तथा कानुन मन्त्रालयको आयोजनामा र जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाको सहकार्यमा सञ्चालन गरिएको साताव्यापी ट्राफिक जनचेतनामूलक सप्ताह बुधबार जनकपुरधाममा सम्पन्न भएको छ । 'सडक अनुशासन तथा सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक जनचेतनामूलक सप्ताह कार्यक्रम २०८२' नारासहित जेठ २२ गतेदेखि शुरु भएको अभियानको समापन गृहमन्त्री राजकुमार लेखीले एक विशेष समारोहबीच गरेका हुन् । कार्यक्रम अन्तर्गत जनकपुरधाममा प्रभातफेरी, प्लेकार्ड प्रदर्शन तथा ट्राफिक नियमसम्बन्धी जनचेतनामूलक सन्देशहरूको प्रचारप्रसार गरिएको थियो । सहभागीहरूले सडक सुरक्षाको सन्देशसहित विभिन्न ठाउँमा प्रभातफेरी गर्दै नागरिकलाई सवारी अनुशासन पालना गर्न आग्रह गरेका थिए । कार्यक्रममा ट्राफिक प्रमुख इन्स्पेक्टर सूर्य बहादुर शाहीले सहभागीलाई सम्बोधन गर्दै सवारी नियमको पालना र ट्राफिक सुरक्षामा सबैको साझा उत्तरदायित्व रहेको बताए । समापन समारोहमा गृहमन्त्री लेखीले सडक अनुशासनको महत्वबारे जोड दिँदै राज्य, सुरक्षा निकाय र नागरिकबीचको सहकार्य आवश्यक रहेको धारणा राखे । उनले ट्राफिक सचेतनाले सवारी दुर्घटना न्यूनीकरणमा सकारात्मक प्रभाव पार्ने विश्वास व्यक्त गरे । कार्यक्रममा सरकारी अधिकारी, प्रहरी, विद्यार्थीहरुको सक्रिय सहभागिता रहेको थियो ।

# भन्सार प्रक्रियामा ढिलाइ र दोहोरो परीक्षणबारे उद्योगी–व्यापारीको गुनासो




**मधेशदृष्टि**
**वीरगंज ।**
भन्सार जाँचपास परीक्षण प्रक्रियामा देखिएको ढिलाइ, दोहोरो प्रक्रिया तथा पूर्वसूचनाको अभावका कारण उत्पन्न हुने कठिनाइबारे उद्योगी तथा व्यापारीहरुले दुःखेसो पोखेका छन ।

भन्सार जाँचपास परीक्षण कार्यालय त्रिपुरेश्वरको आयोजनामा भन्सार जाँचपास परीक्षण सम्बन्धी कार्यक्रम बोल्दै वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद गौतमले वीरगंज नाकाबाट दैनिक रुपमा लाखौंको कारोबार हुने गरेको अवस्थामा यस प्रक्रियामा स्पष्टता, पारदर्शिता र द्रुत सेवा प्रवाह हुनु पर्ने बताए । निजी क्षेत्रले भन्सार प्रक्रियामा विभिन्न प्रकारका चुनौतीहरु व्यहोर्दै आएको ढिलासुस्ती, दोहोरो परीक्षण, अभिलेख व्यवस्थापनको अभाव रहेको भन्दै यी सबै समस्या समाधान गर्नका भन्सार जाँचपास परीक्षण प्रणालीको आवश्यकता रहेको उनले बताए ।

कार्यक्रममा भन्सार जाँचपास परीक्षण कार्यालयका प्रमुख चिरन्जीवि अधिकारीले व्यवसायीहरूबाट उठेका गुनासो र सुझावहरूलाई गम्भीरतापूर्वक लिने प्रतिबद्धता जनाउँदै व्यवसायमैत्री वातावरण निर्माण गर्न तथा व्यवसायीहरूको समस्या समाधान गर्न कार्यालय निरन्तर सक्रिय रहेको बताए । उनले भन्सार ऐन, नियम, कार्यविधि तथा निर्देशिकाको परिपालना गर्दै व्यापार सहजीकरण, राजस्व संकलन अभिवृद्धि, व्यापारिक छल न्यूनीकरण तथा जोखिम व्यवस्थापनमा विशेष जोड दिने बताए ।

कार्यक्रममा भन्सार प्रशासक दिपक लामिछाने, वीरगंज उद्योग वाणिज्य संघका अध्यक्ष हरि गौतम, वरिष्ठ उपाध्यक्ष माधव राजपाल तथा प्रमुख प्रशासकीय अधिकृत मनोज उपाध्याय लगायतले आ–आफ्ना धारणा प्रस्तुत गरेका थिए । वक्ताहरुले भन्सार प्रणालीमा देखिएका व्यवहारिक समस्याहरु समाधान गर्न सरोकारवालाबीच समन्वय आवश्यक रहेकोमा जोड दिए ।

# अभिभावकलाई सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको बारागढी गाँउपालिका वडा नम्बर–५ मा रहेको नेपाल रांष्ट्रिय आधार विद्यालयमा सामुदायिक सिकाई केन्द्र चेरवन्त पधराको आयोजनामा अभिभावक शिक्षा तथा उत्कृष्ट अभिभावक सम्मान कार्यक्रम सम्पन भएको छ । सिकाई केन्द्रका अध्यक्ष मुरारी प्रसाद चौधरीको अध्यक्षता र वडा नम्बर–५ का अध्यक्ष मैनेजर चौधरीको प्रमुख अतिथ्यतामा सम्पन्न कार्यक्रममा तीन जना उत्कृष्ट अभिभावकहरुलाई सम्मान गरिएको हो । सम्मानित हुनेहरुमा स्थानिय प्रदिप चौधरी, सागर चौधरी र मन्जु चौधरी रहेका छन् । कार्यक्रममा शिक्षा रिसचर विज्ञहरु डा.निरज चौधरी र प्रशिक्षक प्रमोद त्रिपाठीले स्थानिय अभिभावकहरुसंग समयमै आफ्ना बालबालिकाहरुलाई शिक्षादिक्षा र पढाईप्रति जागरुक हुनु पर्ने तथा विद्यालयमा पठाई शिक्षा दिनु पर्नेमा जोड दिए ।

# बर्दिबासका रेल्वे पीडितको पुनः काठमाडौंमा धर्ना



**मधेशदृष्टि**
**काठमाडौं ।**
लामो समयदेखि मुआब्जा पाउने आशमा संघर्षरत बर्दिबासका रेल्वे पीडितहरू पुनः काठमाडौं पुगेका छन् । बुधबार उनीहरूले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयअन्तर्गतको विभागमा धर्ना दिँदै आफ्नो माग दोहोर्याएका छन् । धर्नापछि रेल्वे कम्पनीका पूर्वमहाप्रबन्धक गुरुप्रसाद भट्टराईको नेतृत्वमा विभागका महानिर्देशक अजय मूलसँग पीडित पक्षको छलफल भएको थियो । छलफलमा महानिर्देशक मूलले समस्या समाधानका लागि आयोग गठनको तयारी भइरहेको जानकारी दिए पनि बैठकबाट कुनै ठोस निष्कर्ष ननिस्किएको पीडितहरूको भनाइ छ ।
पूर्वमहाप्रबन्धक भट्टराईले १४ परिवार लालपुर्जाविहीन भए पनि वर्षौंअघि घरजग्गा गुमाएका कारण मुआब्जाको हकदार भएको भन्दै उनीहरूको माग उचित भएको बताए । 'उनीहरू मेरो क्षेत्रका बासिन्दा हुन्, त्यसैले सहजकर्ताको रूपमा छलफलमा सहभागी भएको हुँ,' उनले भने, 'महानिर्देशकज्यूले चाँडो निर्णय प्रक्रियामा लैजाने आश्वासन दिनुभयो ।' छलफलमा निष्कर्ष नआएपछि पीडितहरूले बिहीबार भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालसँग प्रत्यक्ष भेट गरी समस्या समाधानको माग राख्ने निर्णय गरेका छन् । रेलमार्ग विस्तारका क्रममा जग्गा गुमाएका तर कानुनी प्रमाणपत्र नभएका परिवारहरूको अवस्था अझै अनिश्चित रहेको भन्दै उनीहरूले आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् ।

# पटेर्वासुगौलीका विद्यालयहरुमा खेल्दै सिक्दै कार्यक्रम सञ्चालन हुँदै

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पटेर्वासुगौली गाउँपालिकाका सामुदायिक विद्यालयहरुमा खेल्दै सिक्दै कार्यक्रम सञ्चालन हुने भएका छन् । गाउँपालिकाको कार्यालय तथा कारखाना समूहको समन्वयमा सो कार्यक्रम सञ्चालन हुने जनाइएको छ । सो पालिकाको मावि दाप सुगौली, मावि निचुटा, मावि रंगपुर, मावि पटेर्वा, मावि बेलवा र मावि बैजनाथपुरमा सो कार्यक्रम सञ्चालन हुने भएका छन् । खेल्दै सिक्दै कार्यक्रमको प्रारम्भिक परिक्षण कार्यक्रम वडा नं ४ को वडा कार्यालयको सभा हलमा सम्पन्न भएको छ । कार्यक्रममा प्रत्येक विद्यालयका चार जना शिक्षक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको सहभागिता रहेको थियो । खेल्दै सिक्दै कार्यक्रमको माध्यमबाट बालबालिकाहरुलाई सरल, व्यवहारिक, आकर्षण तथा दिर्घकालिन सिकाई सम्बन्धि प्रशिक्षण दिइएको थियो । सो परियोजनामा विद्यार्थीहरुलाई सोच्न, जोखिम लिन, रमाइलो गर्न, गल्तीबाट सिक्न र शिक्षक तथा साथीसँग मिलेर सिक्न अभिप्रेरित गर्ने प्रशिक्षकहरुले बताए । साथै यस परियोजनाको माध्यमबाट विद्यार्थीहरुले नवीन र समावेशी शिक्षा, डिजिटल रुपान्तरण, आपतकालीन शिक्षा, दिगोपन र जलवायू शिक्षा हासिल गर्ने प्रशिक्षकहरुले बताए । सो कार्यक्रम दुई वर्षका लागि सञ्चालन गरिने कारखाना समूहले जनाएका छन् । परियोजना संचालनका लागि कार्यक्रममा गाउँपालिकाका प्रतिनिधि, कारखाना समूहका प्रतिनिधि र सम्बन्धित बिद्यालयका प्रधानाध्यापकबीच त्रिपक्षीय सम्झौता समेत भएको छ । खेल्दै सिक्दै कार्यक्रम मधेश प्रदेशको चालू शैक्षिक सत्र २०८२ मा पर्साको पटेर्वासुगौली र रौटहठको चन्द्रपुर नगरपालिकामा सञ्चालन हुने जनाइएको छ । पटेर्वासुगौली गाउँपालिकाका उपाध्यक्ष ममता महतोको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष बाशु पन्जियार थारु, विजय गैरे, कारखाना समूहका कार्यकारी निर्देशक सचेत मानन्धर, प्रोग्राम मैनेजर प्रेक्षा श्रेष्ठ, प्रशिक्षक निशा श्रेष्ठ, प्रादेशिक अधिकृत निरज कुमार मिश्रा, रुपा मानन्धर लगायतको सहभागिता रहेको थियो ।

# टायर बालेर सडक अवरुद्ध

**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको मानवत–मटिअर्वा सडकखण्ड अन्तर्गत लामो समयदेखि निर्माणाधीन रहेको सडक पुनः धुलाम्य बनेपछि स्थानीयबासी आक्रोशित भएका छन् ।
साढे ३ किलोमिटर लामो सो खण्डमा धुलोका कारण दैनिक जनजीवन प्रभावित भएको भन्दै बुधबार बिहान स्थानीयले सडकमा टायर बालेर अवरुद्ध गरेका थिए । प्रदर्शनकारीहरुको भनाइमा पटक–पटक ध्यानाकर्षण गराउँदा पनि सम्बन्धित निकायले समस्या समाधान नगरेपछि बाध्य भएर सडक बन्द गर्नुपरेको हो । उक्त सडकखण्ड वर्षौंदेखि अधुरो अवस्थामा रहेको र निर्माण कार्य ढिलाइ हुँदै आएको स्थानीयको गुनासो छ । सडक बन्दका कारण सवारी आवागमन प्रभावित भएको थियो ।

# खानेपानी पहुँच सुनिश्चित गर्न सरकार प्रतिबद्धः मन्त्री यादव




**मधेशदृष्टि**
**विराटनगर ।**
संघीय सरकारका खानेपानी मन्त्री प्रदीप यादवले जनताको आधारभूत सेवामा पहुँच सुनिश्चित गर्न सरकार दृढ रहेको बताएका छन् ।

बुधबार विराटनगर–१४ स्थित जतुवा खानेपानी तथा सरसफाइ आयोजना नेपाल खानेपानी संस्थान, विराटनगर शाखालाई हस्तान्तरण कार्यक्रममा बोल्दै मन्त्री यादवले स्वच्छ र सुरक्षित खानेपानी हरेक नागरिकको अधिकार भएको बताएका हुन् ।
'जनताको जीवनस्तर उकास्न स्वच्छ पानीको पहुँच अनिवार्य शर्त हो,' मन्त्री यादवले भने, 'मन्त्रालय यस आयोजनाको सफल कार्यान्वयनमा आवश्यक नीति, स्रोत र सहकार्य उपलब्ध गराउन कटिबद्ध छ ।' उनले सरकार आफ्नो उद्देश्य र दायित्वप्रति स्पष्ट दृष्टिकोणका साथ अघि बढिरहेको बताए । झन्डै १८ वर्ष लामो प्रतीक्षा पछि जतुवा आयोजना संस्थागत रूपमा नियमित सेवा सञ्चालनको चरणमा प्रवेश गरेको मन्त्री यादवले जानकारी दिए । नेपाल खानेपानी संस्थानका महाप्रबन्धक अर्जुनबाबु ढकालका अनुसार आयोजनामार्फत दैनिक १७ लाख लिटर पानी उत्पादन गरिनेछ । यसबाट कम्तीमा ६ हजार नागरिक लाभान्वित हुनेछन् । पाँच सय घरधुरीमा नयाँ धारा जडान गरिने योजना रहेको छ ।
विराटनगर–१४ सँगै नरही, वडा नम्बर ८, १०, १३ तथा आसपासका क्षेत्रका बासिन्दाले आयोजनाबाट प्रत्यक्ष सेवा पाउने संस्थानले जनाएको छ । कार्यक्रममा स्थानीय जनप्रतिनिधि, सरोकारवाला निकायका अधिकारी तथा स्थानीय बासिन्दाको उल्लेख्य उपस्थिति रहेको थियो ।

# जनकपुरको ओसरा टोलमा बाढी जोखिम न्यूनीकरणका लागि जलाध नदी अनुगमन




मधेशदृष्टि
**जनकपुरधाम ।**
प्रत्येक वर्ष बाढीका कारण जनकपुरधाम उपमहानगरपालिका–१७ स्थित ओसरा टोलमा दोहोरिँदो क्षति हुँदै आएको भन्दै नगर प्रमुख मनोज कुमार साहसहितको टोलीले जलाध नदीको स्थलगत अनुगमन गरेको छ ।
स्थानीय स्तरमा सम्भावित बाढीजन्य जोखिम कम गर्न तथा पूर्वतयारीका उपाय अवलम्बन गर्न नेपाली सेनाको टोली समेत अनुगमनमा सहभागी भएको थियो । नगर प्रमुख साहले जलाध नदी आसपासको संरचनात्मक अवस्था, कटानको जोखिम, पानीको बहाव तथा बस्तीमा पर्ने सम्भावित प्रभावको अवलोकन गर्दै यथाशीघ्र आवश्यक पूर्वाधार निर्माण तथा सुरक्षात्मक उपायको तयारी थालिने प्रतिबद्धता जनाए ।
'हरेक वर्ष ओसरा टोलमा बाढीले क्षति पुर्याउने स्थिति दोहोरिरहेकाले अब उपमहानगरपालिकाले दीर्घकालीन समाधानतर्फ गम्भीर पहल गर्नेछ,' प्रमुख साहले भने । स्थानीय बासिन्दाले नदीमा तटबन्ध निर्माण, कटान रोकथाम तथा जल निकासीको उचित व्यवस्थापनको माग गर्दै तत्कालीन समाधानका उपाय अघि बढाउन आग्रह गरेका छन् । अनुगमनमा नगरका जनप्रतिनिधि, सुरक्षा निकाय, प्राविधिक टोली र स्थानीय नागरिकको उपस्थिति रहेको थियो ।




नेपालका लागि आधिकारिक बिक्रेता :
देवकी ट्रेडर्स
मो. 9855021614


मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन